का.जि.प्र.का.द.नं. १००/०५९/६०

वर्ष १८, अंक १०
२५ माघ २०७६, शनिबार
8 February 2020, Saturday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# सार्कको अध्यक्षता हस्तान्तरणका लागि तयार

**प्रधानमन्त्रीले रुद्रक्ष रोप्दै भने, 'मैले यहाँ सचिवालयमा रोपेको रुद्राक्षको बिरुवा दक्षिण एशियाका सरकारहरूलाई शान्ति, विकास, समृद्धि र दक्षिण एशियाका जनताको भलाई प्रदान गर्नेछ। यसले सार्कलाई सुदृढ पार्न मदत गर्नेछ।'**



**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ माघ

प्रधानमन्त्री केपी शर्मा ओलीले काठमाडौंस्थित दक्षिण एशियाली सहयोग संगठन (सार्क)को सचिवालयमा रुद्राक्षको विरुवा रोपेका छन्। शुक्रबार प्रधानमन्त्री भएपछि पहिलो पटक सार्क सचिवालयको भ्रमण गर्दै ओलीले विरुवा लगाएका हुन्। रुद्राक्ष रोप्दै ओलीले भने,'मैले यहाँ सचिवालयमा रोपेको रुद्राक्षको बिरुवा दक्षिण एशियाका सरकार हरुलाई शान्ति, विकास, समृद्धि र दक्षिण एशियाका जनताको भलाइ प्रदान गर्नेछ। यसले सार्कलाई सुदृढ पार्न मद्दत गर्नेछ।'

सार्कले मित्र राष्ट्रहरुसँगै समग्र एशियाको हितमा काम गर्ने ओलीले बताएका छन्। उनले आफूले सार्कको अध्यक्षता हस्तान्तरणका लागि तयार रहेको पनि बताए। ओलीले सार्कको १९ औं शिखर सम्मेलन शीघ्र आयोजना गर्न सदस्य राष्ट्रबीच सहमति हुनेमा आफू विश्वस्त रहेको बताएका छन्। सार्क सचिवालयको भ्रमण गरेर संक्षिप्त मन्तव्य व्यक्त गर्दै सार्कका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले लामो समयदेखि अवरुद्ध भएको सार्कको १९औं शिखर सम्मेलन चाँडो हुनेमा आफू ढुक्क रहेको बताए। उनले सार्कको अध्यक्षता पाकिस्तानलाई हस्तान्तरण गर्न आफू आतुर रहेको स्पष्ट पार्दै काठमाडौंमा सम्पन्न १८औं शिखर सम्मेलनले शान्ति, एकता र प्रगतिका लागि गहिरो साझेदारीमा जोड दिएको स्मरण गरे।

सार्कका राष्ट्राध्यक्ष/सरकार प्रमुखले सार्कका सिद्धान्त र

> **मेरो कार्यकालको मध्यतिर आइपुग्दा हामीले देशमा सकारात्मक उर्जा सञ्चार गर्न सफल भएका छौं।**

उद्देश्यप्रति प्रतिबद्धता जनाएको बताउँदै प्रधानमन्त्री ओलीले भने, 'सार्कलाई पुन:जीवन दिन तथा दक्षिण एशियाका जनताको विकासको चाहना पूरा गर्न यसलाई प्रभावकारी माध्यम बनाउन उहाँहरुले सहमति जनाउनुभएको थियो।' प्रधानमन्त्री ओलीले सार्क क्षेत्रीय ऐक्यबद्धताको अभिव्यक्ति हो भन्दै यो क्षेत्रीय सङ्गठन दक्षिण एशियाका जनताको साझा पहिचान भएको बताए। सार्कले दक्षिण एशियाका एक अर्ब ७० करोड जनताको द्रुत आर्थिक विकास, सामाजिक उन्नति र सांस्कृतिक प्रगतिलाई प्रतिनिधित्व गरेको पनि उनले बताए। प्रधानमन्त्री ओलीले सार्कको संस्थापक तथा हालको अध्यक्ष मुलुक नेपाल दक्षिण एशियाका जनताको सामूहिक हित र सहयोग प्रवर्द्धन गर्ने महत्वपूर्ण माध्यम भएको दोहोऱ्याउँदै क्षेत्रीय सहयोग नेपालको परराष्ट्र नीतिको उच्च प्राथमिकताको विषय भएको बताए। सार्कका महासचिव अमजद हुसेन बी. सियालले सार्कको परिधिभित्र रहेर क्षेत्रीय सहयोग अभिवृद्धि गर्न महासचिवका रुपमा निर्वाह गरेको भूमिकाको उनले सह्राना गरे।

**पानी जहाज छिटै चल्छः ओली**

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल छिट्टै जल मार्गबाट विश्वसँग जोडिने बताएका छन्। काठमाडौंमा आयोजित एक कार्यक्रममा प्रवचन दिँदै प्रधानमन्त्री ओलीले भूपरिवेष्ठित राष्ट्र भए पनि छिट्टै विश्वसँग जोडिने बताएका हुन्। 'भूपरिवेष्ठित राष्ट्र नेपाल छिट्टै जल मार्गबाट विश्वसँग जोडिने छ र हाम्रा ठूला नदीहरुमा राष्ट्रिय ध्वजावाहक पानीजहाजहरु चल्न थाल्नेछन्।' उनले भने, 'मेरो कार्यकालको मध्यतिर आइपुग्दा हामीले देशमा सकारात्मक उर्जा सञ्चार गर्न सफल भएका छौं। यस्तै हामीले विकासका लागि राम्रो जगपनि खडा गरेका छौं। हाम्रो देशले अगाडि बढ्न सही ट्र्याक समातेको छ।'

देशको निर्णायक भूमिका र विकासको मुद्दा अब केवल केन्द्रको नीतिमा मात्रै भर पर्नु नपर्ने प्रधानमन्त्री ओलीले बताए। प्रदेश सरकार र स्थानीय तहले पनि संवैधानिक रुपमै केन्द्र जस्तै शक्ति र अधिकार प्राप्त गरेको उनले दाबी गरे। उनले 'समृद्ध नेपाल, सुखी नेपाली' राष्ट्रिय नारा बनेको उल्लेख गर्दै आफ्ना लागि समृद्ध समाज भनेको सकारात्मक विचारले भरिपूर्ण एक अर्काको सहअस्तित्व र विविधताको सम्मान गर्ने सुसंस्कृत समाजनै भएको बताए। आफ्नो स्वार्थभन्दा माथि उठेर सोच्न सके मात्रै देश समुन्नत हुने उनले उल्लेख गरे।

प्रधानमन्त्री ओलीले लामो समयको राजनीतिक संक्रमणपछि पछिल्लो दुई वर्षले भिन्न प्रकारको भाव प्रदान गरेको बताउँदै पछिल्लो समय नेपालमा राजनीतिक बहसलाई छोडेर विकास, रोजगार र लोकहितका बारे बहस सुरु भएको बताए। उनले भने, 'आर्थिक विकासले बहस अहिले प्राथमिकतामा परेको छ। अनिश्चितता र भ्रम इतिहासका विषय बनेका छन्। नीतिमा स्थायित्व, निश्चितता र स्थीरताले हाम्रो विश्वनियता बढाएको छ।'

# 'अब सबैले चोरी गर्नुस्, विष्णु–विष्णु भनेर सामान फिर्ता गर्नुहोस्'

**मध्यान्ह संवाददाता**
चितवन, २४ माघ



प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य गगन थापाले प्रधानमन्त्री केपी शर्मा ओलीलाई गफाडीको संज्ञा दिएका छन्। नेपाली काँग्रेस कालिका नगरसमितिले शुक्रबार आयोजना गरेको कार्यकर्ता भेटघाट एवं वनभोज कार्यक्रममा थापाले ओलीले जनतालाई दुई वर्षअघि गरेको वाचा र प्रतिबद्धता पूरा नगरेको भन्दै गफाडीको संज्ञा दिएका हुन्। थापाले भने, 'मैले प्रधानमन्त्रीलाई दुई वर्षअघि बधाई दिँदै भनेको थिएँ, तपाईं इतिहासकै अवसर पाएको प्रधानमन्त्री हुनुहुन्छ, जनताले ठूलो आशा गरेका छन्। अब मैले संसदको भेटमा एउटा मात्र शब्द भन्छु प्रधानमन्त्रीज्यू तपाईं 'गफाडी' हो।'

हिजोका समयमा प्रधानमन्त्रीले उखानभन्दा जनता उद्वेलित भएको तर अहिले जनताले प्रधानमन्त्रीलाई विश्वास नगरेको थापाले बताए। उनले भने 'कहिले प्रधानमन्त्री गीतबाट भन्नुहुन्छ, कविता भन्नुहुन्छ, कहिले सारंगी बजाउनु हुन्छ कहिले बासुरी बजाउनुहुन्छ तर प्रधानमन्त्रीको गीतमा सुर छैन, कवितामा रस छैन सांरगी र बासुरीमा धुन छैन। कोही नाचिरहेका छैनन्। अहिले प्रधानमन्त्रीको कुरामा बोक्रा छ गुदी छैन।'

अहिले चिन्ता सरकार बलियो छ भन्ने होइन सरकार बिग्रियो भन्ने रहेको थापाले बताए। कम्युनिस्ट सरकारले जनताको समय र अवसर मात्र बरबाद गरेको भन्दै उनले प्रधानमन्त्रीले सरकार नचलाई सत्ता चलाएको आरोप लगाए। नेपाललाई कम्बोडिया जस्तो बनाउन खोजेको भन्दै आगामी निर्वाचन पनि नाम मात्रको चुनाव गर्ने कम्युनिस्टको योजना रहेको उनको भनाइ थियो। ललिता निवास जग्गा प्रकरणका विषयमा थापाले यस प्रकरणमा दोषी कसैले उन्मुक्ति पाउन नहुने बताए। भ्रष्टाचार जसले गरे पनि उन्मुक्ति पाउन नहुने भन्दै उनले काँग्रेसमाथि सरकार पूर्वाग्रही भएको बताए। यस प्रकरणमा निर्णय गर्ने तात्कालीन प्रधानमन्त्री र मुख्यसचिव पनि भागिदार हुनुपर्ने उनको भनाइ थियो। विष्णु पौडेलमाथि व्यंग्य गर्दै थापाले भने, 'चोरीको सामान फिर्ता गरे उनलाई मुद्दा नलाग्ने अब सबैले चोरी गर्नुस्, विष्णु-विष्णु भनेर सामान फिर्ता गर्नुहोस्।'

# बमजन बेपता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ माघ



बलात्कार तथा हत्याको आरोप लागेका धर्मगुरु रामबहादुर बमजनलाई पक्राउ गर्न पुगेका प्रहरीले उनलाई भेटाउन सकेन। बमजनलाई पक्राउ गर्न असफल भएपछि प्रहरीले सिन्धुलीस्थित आश्रमबाट उनीनिकटस्थ एक शिष्यलाई नियन्त्रणमा लिएको छ। बमजन सम्बद्ध बोधी धर्म श्रवण संघका केन्द्रीय सदस्य छत्र घिसिङका अनुसार बमजनका शिष्यहरूले 'महामार्ग गुरु' भन्ने गरेका ज्ञानबहादुर बमजन (भ्याम्पा तोप्चेन) लाई प्रहरीले पक्राउ गरेको हो। शुक्रबार ९ वटा गाडी लिएर आश्रम पुगेको नेपाल प्रहरीको एउटा टोलीले सोधपुछपछि उनलाई गिरफ्तार गरेको हो। तर जिल्ला प्रहरी कार्यालय सिन्धुलीकी प्रमुख प्रहरी उपरीक्षक रञ्जु सिग्देलले उनलाई गिरफ्तार नगरिएको दाबी गरेकी छिन्।

बमजनलाई उनका शिष्यहरू 'महासम्बोधी धर्म संघ गुरु' भनेर सम्बोधन गर्दै आएका छन्। बमजनमाथि हत्या, यौन हिंसा र मानिसहरू बेपत्ता पारेको समेत विभिन्न आरोपहरू लाग्दै आएका छन्। तर बमजनका अनुयायीहरूले त्यो आरोप अस्वीकार गर्दै आएका छन्। आश्रमबाहिर रहेका घिसिङका अनुसार बमजन भने आश्रममा छैनन्। घिसिङका अनुसार बमजन 'महाध्यान' मा रहेका छन्। उनले भने, 'भौतिक, सांसारिक रूपमा देखिने आवासमा उहाँ हुनुहुन्न। जङ्गलतिर कता हुनुहुन्छ।'

बाराको रतनपुरी गाउँनजिकैको वनबाट तपस्या सुरु गरेका बमजनले पछिल्लो दशकमा मुलुकको विभिन्न ठाउँमा आश्रम बनाउँदै आफ्नो वासस्थान समेत फेरिरहने गरेका छन्। बाराबाहेक सिन्धुपाल्चोक, लमजुङ र सर्लाही जिल्लामा पनि उनको आश्रम रहेको छ। गत वर्ष बमजनले सञ्चालन गरेको आश्रमबाट अनुयायीहरू बेपत्ता भएको विवरण सार्वजनिक भएपछि उनीमाथि विभिन्न किसिमका आरोप लाग्न थालेको थियो।

बमजन आबद्ध संस्थाको वेबसाइटअनुसार उनको जन्म सन् १९९० को अप्रिल १० तारिखमा रतनपुर बारामा भएको थियो। उनका मातापिता किसान थिए। उनकी आमाको १२ वर्षको उमेरमा विवाह भएको थियो। बाँकी पृष्ठ २ मा

# टिनएजमै लगनगाँठो

**केशर धामी/मध्यान्ह**
काठमाडौं, २४ माघ

नेपालमा २० वर्षभन्दा कम उमेरमा किशोर किशोरीको विवाह गर्न र गराउन पाइदैन्। तर, बाँकेका मधेसी मुस्लिम महिला छोरीहरूको १६ वर्षको उमेरमै विवाह गराउन पाउनुपर्ने भन्दै आन्दोलनमा छन्। सानै उमेरमा छोरीहरूको विवाह गराउनुपर्ने मागको रोचक कारण छ। बढी उमेर भएका छोरीहरूलाई केटाले विवाह गर्न नमान्ने र आफैं भागेर जाने हुँदा आफ्नो संस्कारअनुसार १६ वर्षको उमेरमै विवाह गराउन पाउनुपर्ने उनीहरूको माग हो।

गत साउनको अन्तिमतिर १५ वर्षीया निशा थापा काठमाडौंबाट हराइन्। घरपरिवारले खोजी गर्दा पनि उनी भेटिइनन्। छोरीलाई पाँच दिनसम्म पनि फेला पार्न नसकेपछि उनका बुवा छोरी खोजिदिन भन्दै उजुरी बोकेर नेपाल प्रहरीको महिला सेल कालिमाटी पुगे। प्रहरीले सोनीको खोजी अघि बढायो। ९ कक्षामा अध्ययनरत सोनी काभ्रेका सन्देश खड्कासँग भागेर विवाह गरेको रहस्य खुल्यो।

चितनव भरतपुर घर भई काठमाडौको जोरपाटी बस्दै आएकी आशा भण्डारी एकाएक हराइन। धेरै दिनसम्म पनि सम्पर्कमा नआएपछि घरमा खैलाबैला मच्चियो। ११ कक्षामा पढ्ने किशोरी हराएपछि हैरान भएका आफन्तहरूले लामो समयसम्म उनको खोजी गरे। तर, उनी फेला परिनन्। एक महिनापछि उनी सोलुखुम्बुका विवेक लामासँग भागेको पत्ता लाग्यो।

यी त सानै उमेरमा भागेर विवाह गर्ने केही प्रतिनिधिमूलक घटना मात्र हुन्। पछिल्लो समय टिनएज किशोरी परिवारलाई थाहै नदिई प्रेमीसँग भाग्ने नयाँ ट्रेन्ड मौलाउन थालेको छ। विशेषगरी १३ देखि १९ वर्षसम्मका किशोरीहरू भागेर जाने क्रम बढिरहेको प्रहरीको तथ्यांकले देखाउँछ।

नेपाल प्रहरीको महिला तथा बालबालिका सेल, कालिमाटीको उजुरी रेकर्ड हेर्दा गत आर्थिक वर्षमा दुई दर्जन बढी किशोरी परिवारलाई थाहै नदिई भागेर विवाह गरेको देखिन्छ। पछिल्लो तीन वर्षमा १७ वर्षभन्दा कम उमेरमा भागेर विवाह गरिएका झन्डै १ सय ३१ किशोरी यसरी नै टिनएजमै भागेका छन्। १७ देखि १९ वर्षमा प्रेमपछि भागेर विवाह गर्ने किशोरीहरूको बाँकी पृष्ठ २ मा

## लोकतान्त्रिक एशोसिएसनको साधारणसभा सम्पन्न

# कांग्रेसले ऐन विपरितको नियम नमान्ने

**मध्यान्ह संवावददाता**
काठमाडौं, २४ माघ



नेपाली कांग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले वैदेशिक रोजगारीमा गएका कामदारले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै वैदेशिक रोजगारमा जाने युवाहरुलाई सुरक्षित गरिनुपर्ने कुरामा जोड दिएका छन्।

पार्टीको सुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको १० औं वार्षिक साधारणसभालाई शुक्रबार राजधानीमा संवोधन गर्दै पूर्व प्रधानमन्त्री देउवाले वैदेशिक रोजगारीमा कामदार पठाउने वैदेशिक रोजगार व्यवसायीहरु र वैदेशिक रोजगारीमा जाने युवा दुवै सुरक्षित रहनुपर्ने बताए।

सभापति देउवाले परिवार पाल्नकै लागि वैदेशिक रोजगारीमा गएका युवाहरुले पठाएको रेमिट्यान्सले परिवारको दैनिकी चलेको मात्र नभई देशको अर्थतन्त्रमा निकै ठूलो योगदान पुगेकोले म्यानपावर व्यवसायीहरुले उनीहरुको सुरक्षामा ध्यान पुऱ्याउनुपर्ने आवश्यकता रहेकोमा जोड दिए।

प्रतिनिधिसभामा नेपाली कांग्रेसका प्रमुख सचेतक तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य बालकृष्ण खाँणले कम्युनिष्ट सरकारले व्यवसायीहरु माथि समेत अधिनायकवादी चरित्र देखाएको भन्दै व्यवसायीमाथि ऐन कानून र नियमावलीका माध्यमबाट नियन्त्रणकारी योजना बनाएकोले त्यसका विरुद्ध कांग्रेसले व्यवसायीहरुलाई सबै प्रकारले सहयोग गर्ने प्रतिवद्धता जनाए।

करोडौं लगानी गरेर व्यवसाय सञ्चालन गरेका म्यानपावर व्यवसायीहरुले स्वतन्त्र रुपमा आफ्नो व्यवसाय गर्न पाउने संवैधानिक अधिकार भन्दै त्यसको सुरक्षा गर्न संख्याका दृष्टिले सानो आकारमा भएपनि संसद्मा नेपाली कांग्रेसले प्रभावकारी भूमिका खेल्ने सचेतक खाँणले बताए।

वैदेशिक रोजगारका क्षेत्रमा रहेका कमी बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## नेतृत्व चयनका लागि मतदान सम्पन्न

काठमाडौं/मस- नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोशिएसनमा नयाँ नेतृत्व चयनका लागि मतदान सम्पन्न भएको छ। २५१ मत खसेको थियो। ७ पदाधिकारी र दश कार्यसमिति सदस्य सहित १७ जनाको प्रत्यक्ष निर्वाचन भएको हो।

अध्यक्ष पदका लागि एशोशिएसनका पूर्व वरिष्ठ उपाध्यक्ष नरेन्द्र ढकाल, नेपाल वैदेशिक रोजगार संघका पूर्व द्वितीय उपाध्यक्ष भुवनसिं गुरुङ, एशोशिएसनका पूर्व वरिष्ठ उपाध्यक्ष ऋषि शर्मा, फोरम सल्लाहकार सीता देवाकोटा चुनावी मैदानमा उत्रिएका छन्।

त्यस्तै वरिष्ठ उपाध्यक्षमा जनजाति पृष्ठभुमिका भागीरथ राई (रमेश), वर्तमान महासचिव तारानाथ अर्याल र पूर्व महासचिव थीरमणी पौडेल चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्। यस्तै उपाध्यक्ष पदका लागि जनक खड्का (प्रकाश), मित्र देव घिमिरे (गोपाल) र मोहन बाँकी पृष्ठ २ मा

# पूर्वराजकुमारीको रिट खारेज



**मध्यान्ह संवावददाता**
काठमाडौं, २४ माघ

सर्वोच्च अदालतले पूर्वराजकुमारी एवं पूर्वराजा ज्ञानेन्द्र शाहकी छोरी प्रेरणा राज्यलक्ष्मी शाहको रिट खारेज गरेको छ। नेपाल ट्रष्टको जग्गा आफ्नो दाइजो दाबी गर्दै प्रेरणाले पुन: दायर गरेको रिट खारेज भएको हो। प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणासहित ५ जनाको संवैधानिक इजलाशले उक्त रिट खारेज गर्ने फैसला सुनाएको हो। फैसलासँगै छाउनीको जग्गा नेपाल ट्रष्टमातहत नै हुने भएको छ। शुक्रबारको सुनुवाइ सूचीमा प्रेरणाको रिट पहिलो नम्बरमा पेशी तोकिएको थियो।

उक्त इजलाशमा राणासहित न्यायाधीशहरु मीरा खड्का, हरिकृष्ण कार्की, अनिलकुमार सिन्हा र प्रकाशमान सिंह राउत थिए। राणा प्रधानन्यायाधीश हुने निश्चित भएको समयमा दुई पटक सर्वोच्चबाट फैसला भएर 'फैसला कार्यान्वयन'मा गएको अवस्थामा प्रेरणाको रिट सर्वोच्च आएको थियो। सरकारले २०६४ पुस १ मा पूर्वराजा वीरेन्द्रको सम्पत्तिका रुपमा रहेको जग्गा नेपाल ट्रष्टमा गाभ्ने निर्णय गरेको थियो। सोही जग्गाअन्तर्गत काठमाडौं छाउनीस्थित १५ रोपनी एक आना आफ्नो दाबी गर्दै प्रेरणा पहिलो पटक २०७१ माघ २५ मा सर्वोच्च पुगेकी थिइन्।

उक्त मुद्दामाथि तत्कालीन प्रधानन्यायाधीश रामकुमार साह र न्यायाधीश चोलेन्द्रशमशेर जबराले प्रेरणाले दाइजो पाएको बाँकी पृष्ठ २ मा

हामी नेपालीहरूमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ। नयाँ प्रविधि र नयाँ क्षेत्रहरूमा हामी जानैपर्छ। मुख्यत: हामीमा प्रतिवद्धता, लगनशीलता, आँट र साहस चाहिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# 'केन्द्रीय समितिको बैठकले सामूहिकतालाई प्रश्रय दिएको छ'

**काठमाडौं/मस-** नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले भर्खरै सम्पन्न केन्द्रीय समितिको बैठकमा सामूहिकता र अन्तर्घुलनको एउटा नयाँ 'फ्युजन' प्रस्तुत भएको बताएका छन्।

नेपाल राष्ट्रिय उद्योग व्यवसायी महासंघको केन्द्रीय समितिको शपथ ग्रहण तथा एकताको प्रथम बैठकलाई शुक्रबार सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्। उनले केन्द्रीय समितिको बैठकमा एकरुपता कायम भएर अभियानात्मक रुपमा अगाडि बढेको स्पष्ट पारे।



उनले जतातै देखिएको निराशाले यहाँ केही ठीक नभइरहेको देखाएको बताए। उनले भने, 'हामीले भन्न त भनेका छौं भ्रष्टाचार गर्दैनौं र गर्न पनि दिँदैनौं, यो घोषणा आफैंमा राम्रो कुरा हुँदै हो। तर राज्यको समग्र व्यवहारमा स्थानीय तहदेखि संघसम्म भ्रष्टाचार रोकिन थालेको छ भन्ने अनुभूति जनताले गरे कि गरेनन् भन्यो भने 'ग्राफ'चाहि राम्रो आउँदैन।'

अध्यक्ष दाहालले कर प्रणाली जनताको पक्षमा भन्दा जनताको विरोधीको पक्षमा हुन थाल्यो कि क्या हो भन्ने जस्तो देखिएको बताए। 'जसलाई उत्थान गर्नुपर्ने हो त्यसलाई सुविधा दिनतिर केन्द्रित भयौं कि त्यसले झन् असुविधा महसुस गरेर कता-कता उकुसमुकुस भएजस्तो स्थिति छ,' उनले भने।

उनले राज्यमाथि मध्यम वर्गको प्रभाव र हस्तक्षेप बढाएर लैजान र तल्लो वर्गलाई परिवर्तनको प्रतिफल पुग्यो भन्ने अनुभूत गराउनतर्फ उद्योग व्यवसायीको ध्यान जान जरुरी रहेको बताए।

कम्युनिष्ट पार्टीको सरकारले राष्ट्रिय पूँजीपति र गरिबलाई नरम खालको कर नीति लागू गर्नुपर्नेमा यस्तो महसुस नभएको उल्लेख गरे। आउने दुई/तीन वर्ष राम्रो काम गर्न नसकेमा जनताले कम्युनिष्ट पार्टी भन्दैमा भोट नदिने पनि अध्यक्ष दाहालको भनाइ थियो। कार्यक्रममा नेकपा निकटका उद्योगी व्यवसायीलाई अध्यक्ष दाहालले पद तथा गोपनियताको शपथ गराएका थिए।

# महानिरीक्षक खनालबाट एफपीयु टोलीको विदाई

**काठमाडौं/मस-** सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले सुडानमा फर्म्ड पुलिस युनिट (एफपीयू)को रुपमा कार्य गर्न खटिई जान लागेको एक टोलीलाई विदाई गरेका छन्। संयुक्त राष्ट्रसंघको अनुरोधमा सशस्त्र प्रहरी बल नेपालको तर्फबाट शान्ति स्थापनार्थ युनाइटेड नेशन्स मिसन इन साउथ सुडानमा फर्म्ड पुलिस युनिट (एफपीयू)को रुपमा कार्य गर्न त्यसतर्फ खटिई जान लागेको टोलीलाई शुक्रबार सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा आयोजित एक समारोहकाबीच विदाई गरेका हुन्।



सो अवसरमा महानिरीक्षक खनालले संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्तिस्थापनार्थ खटिँदा राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुले राष्ट्र र संगठनको प्रतिनिधित्व गर्ने हुनाले त्यसठाउँमा उच्च व्यावसायिकता प्रदर्शन गर्दै अनुशासित र ईमान्दारिताका साथ उत्कृष्ट कार्यसम्पादनमा क्रियाशिल रहन निर्देशन दिए।

उनले मिशन ईलाकामा रहँदा त्यहाँको भाषा संस्कृति, रहनसहन र परिवेश फरक हुने हुनाले सुरक्षाकर्मीहरु थप सतर्क र चनाखो भई जिम्मेवारी निर्वाहमा क्रियाशिल रहनुपर्ने चर्चा गरे। उनले खटिई जाने टोलीले मानव अधिकारको उच्च सम्मान गर्दै, भ्रष्टाचार तथा लैंगिक हिंसामा शून्य सहनशीलताको नीतिको पूर्ण पालना गर्दै राष्ट्र र संगठनको प्रतिष्ठा बढाउन दत्तचित्त भएर कार्यसम्पादनमा जुट्नु पर्ने बताए।

महानिरीक्षक खनालले सो टोलीले विभिन्न देशका सुरक्षाकर्मीहरुसँग समन्वय र सहकार्य गरी चेन अफ कमाण्ड र फौजी संस्कारमा रहेर पूर्ण व्यवसायीकताका साथ प्राप्त जिम्मेवारी र उत्तरदायित्व वहन गर्नुपर्नेमा जोड दिए।

सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक कुमार न्यौपानेको कमाण्डमा एफपीयुको रुपमा साउथ सुडानको जुबामा खटिई जान लागेको सो टोलीमा २० जना अधिकृतसहित कूल १८० जना रहेका छन्। कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकद्वय पुष्पराम के.सी. र रामशरण पौडेल लगायत सशस्त्र प्रहरी बल नेपालका अधिकृतहरुको उपस्थिति रहेको थियो।

# एमसीसी कार्यदलद्वारा अध्ययन र विश्लेषण शुरु

**काठमाडौं/मस-** नेपाल कम्युनिष्ट पार्टी (नेकपा) द्वारा अमेरिकी सहयोग मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) बारे सुझाव दिन गठित कार्यदलले आवश्यक सामग्री जुटाएर प्राप्त कार्यादेशका आधारमा अध्ययन कार्य अघि बढाएको छ।

सिंहदरबारस्थित नेकपा संसदीय दलको कार्यालयमा शुक्रबार बसेको कार्यदल बैठकले दिएको कार्यादेशका आधारमा अध्ययन गर्ने, सामग्री जुटाउने र विश्लेषणको प्रक्रिया थालनी गरेको बैठकपछि कार्यदलका संयोजक एवं पार्टीका वरिष्ठ नेता झलनाथ खनालले सञ्चारकर्मीलाई जानकारी दिए। उनले भने, 'हामीहरु कुनै आवेग वा आक्रोश, सेन्टिमेन्ट आदिका आधारमा अघि बढ्दैनौं, हामी तथ्यका आधारमा सत्य पत्ता लगाउने प्रक्रियामार्फत अघि बढ्छौं।'

कार्यदेशअनुसार १० दिनभित्र सक्ने अपेक्षा रहेको बताउँदै संयोजक खनालले त्यो समयसीमाभित्र सकिएन भने पार्टीसँग कुरा गर्छौं भने। एमसिसी परियोजनाअन्तर्गत अमेरिकाले नेपाललाई विद्युत् र सडकका लागि रु ५६ अर्ब सहयोग उपलब्ध गराउनेछ। पाँच वर्षको अवधिमा रकम खर्च गर्नुपर्ने एमसिसीलाई सङ्घीय संसद्ले अनुमोदन गर्नुपर्नेछ।

नेकपाको केही दिनअघि सम्पन्न केन्द्रीय कमिटीको बैठकले एमसिसी सम्झौताका सम्बन्धमा विभिन्न कोणबाट उठेका प्रश्न र एमसीसीलाई कसरी राष्ट्रहित अनुकूल बनाउने भन्ने सन्दर्भमा अध्ययन गरी सुझाव पेश गर्न तीन सदस्यीय कार्यदल गठन गरेको थियो। उक्त कार्यदलमा नेता भीमबहादुर रावल र परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली छन्। उक्त कार्यदलको पहिलो बैठक यही माघ २० गते बसको थियो।

## बमजन...

उनका आमाबुवाका नौ सन्तान छन्। उनी साहिँला छोरा हुन्। उनले कलिलो उमेरमै ध्यानमा मग्न भएर सबैलाई आश्चर्यचकित बनाएको बताइन्छ। उक्त विवरणका अनुसार गौतम बुद्ध र बमजन दुवैका आमाको नाम मायादेवी भएकाले स्थानीयवासीहरूले उनले गरेको तपस्यालाई सिद्धार्थ गौतम बुद्धसँग जोडेर हेरेका थिए। उनलाई केही सञ्चारमाध्यमले 'लिटल बुद्ध' को उपनाम पनि दिएका थिए।

## टिनएजमै ...

संख्या पनि उल्लेख्य छ। अझ कतिपय खानदानी परिवारका टिनएजर्सहरु प्रेममा परेर भागेर विवाह गर्ने घटना प्रहरीसम्मै पुग्दैनन्। कतिपय घटना गुपचुप रुपमा आपसी सहमतिमै टुंग्याइएको पाइन्छ। यसरी हेर्दा टिनएजमै भागेर विवाह गर्नेहरूको संख्या प्रहरी कहाँ पुगेको भन्दा बढी हुने देखिन्छ।

यो हिसाबले हेर्दा सन् २०३० भित्र बालविवाह अन्त्य गर्ने सरकारको अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयन गर्न गाह्रो पर्ने देखिन्छ। इन्टरनेट र प्रविधिको सहजता, खुलापन, आधुनिकता एवं सहरीकरणजस्ता कारणले टिनएजमै भागेर विवाह गर्ने घटनामा उल्लेख्य देखिन्छ। ह्युम्यान राइटस वाचको सन् २०१६ को एक प्रतिवेदन अनुसार नेपालमा ३७ प्रतिशत किशोरीको विवाह १८ वर्ष नपुग्दै भएको थियो। विश्व स्वास्थ्य संगठनको एक अर्को तथ्यांकले नेपालमा बर्सेनि १३ हजार बालविवाह हुने तथ्य सार्वजनिक गरेको छ।

गर्भपतन गराउनेको संख्या बढिरहेको तथ्यांकले पनि टिनएजमा विवाह गर्नेहरूको संख्या बढिरहेको तथ्यलाई बलियो बनाएको छ। तथ्यांकअनुसार देशभरमा २० वर्षमुनिका १ लाख ३४ हजार ९ सय १० टिएनजर्सले पहिलो पटक गर्भ परीक्षण गराएका थिए। त्यसमध्ये ६३ प्रतिशतले बच्चा जन्माएका थिए। काठमाडौंका टिएनजर्स सबैभन्दा बढी गर्भवती हुने गरेका छन्।

परम्परागत नेपाली समाजमा धार्मिक मूल्य-मान्यता एवं रीतिरिवाज कम उमेरमा विवाहका प्रमुख कारण थिए। अहिले पनि केही ग्रामीण समाजमा विद्यमान त्यस्ता विवाहमा विवाह गर्ने टिनएजर्सहरूको व्यक्तिगत मत समेत जाहेर गर्न दिइँदैन।

अझ केही वर्षअघिसम्म युवतीहरूका लागि भागेर विवाह, प्रेम र शारीरिक सम्बन्धजस्ता कुराहरू कल्पना गर्नै नहुने विषय थिए। घटनाक्रमहरूले अहिले त्यस्ता परिपाटीमा ठूलै क्रान्ति ल्याएको देखिन्छ। रमाइलो त के भने त्यो समाजमा टिनएजमै भागेर विवाह गर्ने कल्पना बाहिरको कुरा अहिले किशोरीहरूका लागि चलन बन्न पुगेको छ। त्यतिबेला पारिवारिक दबाबमा कम उमेरमा बालविवाह हुन्थे भने अहिले परिवारलाई नै गुमराहमा राखेर टिनएजर्सहरू प्रेमीसँग भाग्न थालेका छन्। टिनएजमै किशोरी भागेर विवाह गर्न थालेको भन्दै मधेशी तथा मुस्लिम समूदायले १६ वर्षको उमेरमै छोरीको विवाह गर्न पाउनुपर्ने माग राख्दै आन्दोलन गरिरहेका हुन्।

टिनएजर्सहरुमा मौलाउने 'सेक्सुअल रिलेसन' को आकांक्षा सहज ढंगले पूर्ति गर्न उमेर र भविष्यको समेत ख्याल नगरी भागेर विवाह गर्ने क्रम ट्रेण्डकै रूपमा देखिन थालेको समाजशास्त्री मृगेन्द्रबहादुर कार्कीको बुझाई छ। विवाहपछि मात्र सेक्स गर्न पाइने धारणा बलियो रूपमा रहनुलाई यसको प्रमुख कारण मानिने उनको धारणा छ।

महिला तथा बालबालिका सेवा केन्द्रकी प्रहरी निरीक्षक सुभद्रा लामा पछिल्लो समय टिनएजमै भागेर विवाह गर्नेको क्रम बढिरहेको बताउँछिन्। यस्तो अवस्थामा उनीहरूमा मानसिक समस्या पनि हुने गरेको मनोविद् गोपाल ढकाल बताउँछन्। क्षणिक भावनामा डुबेर शारीरिक सम्पर्क राख्दा सानै उमेरमा किशोरीहरू आमा बन्न बाध्य भइरहेका छन्। बालविवाहको विकराल अवस्था नेपालको मात्र नभएर विश्वव्यापी समस्या छ। सन् २०१६ मा युनिसेफले गरेको एक अध्ययनअनुसार संसारमा १ करोड ४० लाखले १८ वर्षभन्दा कम उमेरमा विवाह गरेको देखिएको थियो।

अभिभावक तथा स्कूलका शिक्षकले उचित ध्यान दिनुपर्ने समाजशास्त्री कार्कीको भनाइ छ। स्कुलमा एकेडेमिक नलेजमा मात्र नभइ व्यवहारिक एवं नैतिक पक्षमा पनि ध्यान दिनुपर्ने उनी बताउँछन्।

प्रविधि पनि यसको कारक बनिरहेको छ। अहिलेको पुस्तामा सानैदेखि प्रविधिमा पहुँच हुने र जसले गर्दा बालबालिकाहरू अनलाइनमा धेरै बस्ने, चाहिनेभन्दा अन्य सूचना लिने गर्छन। उनीहमा नयाँ कुरामा कौतुहलता हुन्छ। देखासिकीको भरमा उनीहरू प्रेम गर्ने, भाग्ने एवं शारीरिक सम्बन्ध राख्ने कार्यमा उत्प्रेरित हुने गरेको मनोविद् ढकाल बताउँछन्।

## पूर्व...

ठहर गर्दै सो जग्गा उनकै नाममा हुने गरी २०७२ असोजमा फैसला गरेको थियो। सो फैसला चित्त नबुझेपछि नेपाल ट्रष्टले पुनरावलोकनको निवेदन हाल्यो। अन्ततः सर्वोच्चले उक्त जग्गा नेपाल ट्रस्टकै नाममा हुने फैसला गऱ्यो। उक्त जग्गा पूर्वराजा वीरेन्द्रको नाममा रहेको भन्दै वीरेन्द्र र उनका परिवारको नाममा रहेका सबै सम्पत्तिको खोजी तथा रेखदेख गर्न गठित ट्रष्टको नाउँमा रहने फैसला भएको थियो। तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्की, न्यायाधीशहरु दीपक कार्की र सपना मल्लको संयुक्त इजलासले २०७३ पुस २१ गते सो जग्गा ट्रष्टको हुने फैसला गरेको थियो।

तर, आफूले दाइजोको रुपमा पाएको जग्गा सरकारले नेपाल ट्रष्टअन्तर्गत ल्याउन नमिल्ने दाबी गर्दै प्रेरणाले पुनः २०७५ पुस ६ गते रिट दायर गरेकी थिइन्। उक्त जग्गा नेपाल ट्रष्टलाई दिने सर्वोच्चको फैसलामा असन्तुष्टि जनाउँदै उनी फैसला पुनरावलोकनका लागि सर्वोच्च पुगेकी थिइन्।

## नेतृत्व...

कुमार ढुंगेल चुनावी मैदानमा छन्।

महासचिव पदका लागि चिरञ्जीवी बस्याल र भवानी निरौला प्रतिस्पर्धामा उत्रिएका छन् भने सचिव पदका लागि कमल काफ्ले र प्रकाश बोहोरा चुनावी मैदानमा छन्। त्यस्तै कोषाध्यक्ष पदका लागि सञ्जय पनेरु, कृष्ण कुमार जैशी र इन्द्र प्रसाद आचार्य चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्।

यस्तै सहकोषाध्यक्ष पदमा अमिर बाँस्तोला निर्विरोध निर्वाचित भएका छन्। सहकोषाध्यक्षमा बाँस्तोलाको एकल उम्मेद्वारी परेपछि उनी निर्विरोध निर्वाचित भएका हुन्।

त्यस्तै सदस्य पदमा इश्वर सापकोटा, नारायण भुषाल, तोरण कुमार कार्की, चन्द्र बहादुर लिम्बु, सेते लाल पौडेल, नरेन्द्र मणी पराजुली, विक्रम श्रेष्ठ, नगेन्द्र प्रसाद पोखरेल (नवीन), राजेश गोतम र राजेश यादव निर्विरोध निर्वाचित भएका छन्। दश कार्यसमिति सदस्य रहने प्रावधान रहेको र उक्त पदमा दश जनाको मात्र उम्मेद्वारी परेपछि उनीहरु निर्विरोध निर्वाचित भएका हुन्। यो समाचार तयार पर्दासम्म मतगणना जारी थियो।

## लोकतान्त्रिक...

कमजोरीहरुले केही प्रश्न उठाएको भन्दै नेता खाँणले त्यसलाई सुधार गर्न व्यवसायीहरु तयार हुनुपर्ने बताए। उनले सुधारका सबै काममा कांग्रेस व्यवसायीहरुसँग हातेमालो गर्न तयार रहेको समेत बताए। वैदेशिक रोजगार ऐनको व्यवस्था विपरित नियमावलीमा व्यवस्था गरी करोडौं रकम धरौटी राखेका व्यवसायीहरुलाई कामदार पठाउनुपर्ने संख्या तोक्नु न्यायोचित नभएको भन्दै त्यसका विरुद्ध कांग्रेसले व्यवसायीहरुलाई साथ दिने बताए।

कांग्रेस केन्द्रीय सदस्य तथा राष्ट्रियसभामा प्रमुख विपक्षी दलका प्रमुख सचेतक सुरेन्द्र पाण्डेले नेपालको संविधानमा रहेको व्यवसायको सुरक्षाको ग्यारेन्टी गरेकाले म्यानपावर व्यवसायीहरुले स्वतन्त्र रुपमा आफ्नो पेशा सञ्चालन गर्ने वातावरण बनाउन आफ्नो पार्टीले सहयोग गर्ने बताए।

पूर्व श्रममन्त्री तथा पार्टी केन्द्रीय सदस्य रमेश लेखकले मुलुकको वैदेशिक रोजगारले नेपालको अर्थतन्त्रमा ४० प्रतिशत योगदान दिएका कारण बाह्यपक्षले आलोचना गर्दैमा वैदेशिक रोजगार व्यवसायीहरुले शिर निहुराउन नुहने भन्दै वैदेशिक रोजगार क्षेत्रले दिएको योगदान प्रति कांग्रेसले गर्व गर्ने बताए।

वैदेशिक रोजगारलाई सुरक्षित र व्यवस्थित गर्न कम्युनिष्ट पार्टीहरुको योगदान १० प्रतिशत मात्र रहेको र बाँकी ९० प्रतिशत योगदान कांग्रेसको रहेको भन्दै पूर्व मन्त्री लेखकले नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई पूर्व श्रममन्त्रीहरुलाई राखेर एकदिने छलफल चलाउन आग्रह गरे।

उनले भने, 'वैदेशिक रोजगारको कानूनी व्यवस्था, श्रम सम्झौता जस्ता उपलब्धीमा नेपाली कांग्रेसको सरकारका पालामा मैले उल्लेख्य भूमिका खेलेको छु, आउनुहोस् छलफल गरौं।

साधारण सभालाई एशोसिएसनका पूर्व अध्यक्ष एवं संघका अध्यक्ष विष्णुप्रसाद गैरे, एशोसिएसनका पूर्व अध्यक्षहरु किरण किशोर घिमिरे, विमल प्रसाद ढकाल सहित नेपाल चेम्बर्स अफ कमर्शका प्रतिनिधि कमलेश कुमार अग्रवालले शुभकामना मन्तव्य राख्दै वैदेशिक रोजगार विना नेपाली अर्थतन्त्र कल्पना गर्न नसकिने बताए।

एशोसिएसनको नयाँ सदस्यता लिएका ४२ जना व्यवसायीलाई साधारणसभामा सदस्यता प्रदान गरिएको थियो। एशोसिएसनले आफ्ना सबै पूर्व अध्यक्षहरु, संघ कार्यसमितिका सदस्य सहित एशोसिएसनलाई विशेष सहयोग गर्ने सान इन्टरनेशनलका सञ्चालक काशीनाथ कोईराला, साउण्ड लाईन्स रिक्रुटमेन्ट प्रा.लि.का सञ्चालक संजय देवकोटा, कार्यसमिति सदस्य तुलसी पुरी, प्रकाश बोहरा, वरिष्ठ व्यवसायी तथा धौलाश्री समाजका अध्यक्ष मोहनाथ शर्मा र कार्यालय सचिव कृष्ण न्यौपानेलाई दोसल्ला र प्रशंसापत्रले सम्मान गरेको थियो।

एशोसिएसनको बन्द शत्रले महासचिव र कोषाध्यक्षको प्रतिवेदन पारित गर्नुका साथै संस्थाको नाम फोरमको सट्टा एशोसिएसन राख्ने निर्णय समेत गरेको छ। उद्घाटन सत्र एशोसिएसनका कार्यवाहक अध्यक्ष सुजित श्रेष्ठको सभापतित्व र महासचिव तारानाथ अर्यालको संयोजकत्वमा सम्पन्न भएको थियो।


### भूल सुधार

मिति २०७६/१०/२४ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित SAUDI ARABIA मा रोजगार शिर्षक, कम्पनीः Al Jouf Healthy Water Bottling Company, LT. No.: 228964 र चलानी नं.: ६०१४८६१८ पून चलानी नं.: ७६३ को विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय धुम्बराही काठमाडौंमा फागुन ४ गते (16 Feb. 2020) मा हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

Al Shahid Overseas Pvt. Ltd.
Gov. Lic. No. 1329/074/75 Dhumbarahi, Kathmandu Nepal, Tel: 4414440

### भूल सुधार

मिति २०७६/१०/२३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित MALA|YSIA मा रोजगार शिर्षक, को विज्ञापनमा LT. No.: 232562 र चलानी नं.: ६०१५१२६१ र पूर्व स्वीकृत मितिः २०७६/१०/२२ हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, काठमाडौं
फोनः ४३७९०४७, ४३७९०९१

### मोटरसाइकल हराएको सूचना

मिति २०७६/१०/१६ गते कपन सरस्वती नगर शिब मन्दिर नजिक पार्किङ गरी राखेको स्थानबाट प्रदेश नं. ३-०२-०१३ प ३७७३ नम्बरको कालो कलरको २२० सीसी पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु।

सवारी धनी : पुरन राई
ठेगानाः थुलुङग दुधकोशी-७, सोलुखुम्बु
च्यासिस नंः MD2A13EYXKCF-90868
इन्जीन नं : DKYCKF-88948
सम्पर्क : ९८१८५५२९१०

### भूल सुधार

मिति २०७६/१०/२४ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित UAE मा रोजगार शिर्षक, कम्पनीः water seal insulation mat. cont. co. llc LT. No.: 222889 र चलानी नं.: ६०१४२४४०, पून चलानी नं.: ७६१ को विज्ञापनमा अन्तर्वार्ता स्वस्तिक कटेज नेपालगन्ज बाँकेमा फागुन २ गते (14 Feb. 2020) मा हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

Wish HR Solution Pvt. Ltd.
Gov. Lic. No.: 1426/074/075
Kalimati Dol, Sinamangal-9,Kathmandu
Tel: 4496093, 4497897

### HILTON WORLDWIDE — UAE को 5 Star Hilton Hotel मा रोजगार

कम्पनी : MARSA AL SEEF LLC  शहर : UAE
पूर्व स्वीकृत मितिः २०७६/१०/२४  चलानी नं.: ६०१५१३८१  LT. No.: 232720

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 40 | 40 | स. काममा दक्ष | 1300 | ४०,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner/General (Housekeeper) | 50 | 30 | | 1200 | ३७,११५ | | | | | | | |
| 3. | Commis/foreigh Food Cook | 30 | 30 | | 1600 | ४९,४९० | | | | | | | |
| 4. | Bartendar/barman | 10 | 10 | | 1600 | ४९,४९० | | | | | | | |
| 5. | Guest Relation Officer/receptionist | 20 | 15 | | 2000 | ६१,८६० | | | | | | | |
| 6. | Bell Man / Doorman/porter | 15 | 15 | | 1200 | ३७,११५ | | | | | | | |
| 7. | Demi Chef De Partie/general Cook | 30 | 30 | | 2200 | ६८,०४८ | | | | | | | |
| 8. | Life Guard/rescuer | 10 | 10 | | 1700 | ५२,५८० | | | | | | | |
| 9. | Laundry Sorter/laundry Att. | 20 | 20 | | 1200 | ३७,११५ | | | | | | | |
| 10. | Chef De Partie/general Cook | 10 | 5 | | 3000 | ९२,७९० | | | | | | | |
| 11. | Steward/Stewardess (Restaurant) | 50 | 40 | | 1200 | ३७,११५ | | | | | | | |

यसै कम्पनीको लागि Spa Therapist, Ac Techician, plumber, Gym Instructor (Male /Female ) हरूको पनि माग भई आएकाले निःशुल्क परामर्शको लागि तुरून्त सम्पर्क गर्नुहोला।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ४ गते (16 Feb. 2020) मा हुनेछ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

HABTOOR INTERNATIONAL PVT. LTD.
GPO Box: 261, Basundhara-29, Kathmandu (बसुन्धरा नापी कार्यालय सँगै)
Govt. Lic. No. 1147/073/74
Tel: 01-4383377, Mob.: 9801159556, 9801059553, 9801059552, 9801059557
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

यस प्रा.लि.को लागि Receptionist, Recruitment co Ordinator र Office Secretary आवश्यकता परेको हुँदा योग्य इच्छुक व्यक्तिले सम्पर्क राख्नुहोला। तलब : आपसि सहमतीमा

### Saudi मा रोजगार

कम्पनीः AL JOUF HEALTHY WATER BOTTLING COMPANY  शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७६/०९/०२  पून स्वीकृत मितिः २०७६/१०/२३  चलानी नं.: ६०१४८६१८  पून चलानी नं.: ७६३  LT. No.: 228964

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Vehicle Driver | 5 | 0 | स. काममा दक्ष | 1500 | ४५,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ४ गते (16 Feb. 2020) मा हुनेछ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Al Shahid Overseas Pvt. Ltd.
Gov. Lic. No. 1329/074/75
Dhumbarahi, Kathmandu, Nepal, Tel: 4414440
E-mail: alshahidnepal@gmail.com , info@alshahidnepal.com

### साउदीमा रोजगार

कम्पनीः MARKAZ HAJER COMMERCIAL CENTER.OWNER MOHAMMAD IBRAHIM AL GHANEM  शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०७६/०९/२९  चलानी नं.: ६०१५००३४  L.T. No.: 230030  पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Labour | 30 | 0 | स. काममा दक्ष | 1000 | ३०,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ४ गते (16 Feb. 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
सितापाईला, काठमाडौं, नेपाल, फोनः ४२८२५९०, ४२८२०३९, फ्याक्सः ४२८१७१३

# चीनलाई एक लाख मास्क सहयोग

**राजेश्वरी कार्की/मध्यान्ह**
काठमाडौं, २४ माघ

नोवेल कोरोना भाइरससँग जुधिरहेको चीनलाई नेपाल सरकारले १ लाख थान प्रोटेक्टिभ मास्क सहयोग गरेको छ । मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार शुक्रबार परराष्ट्र मन्त्री प्रदीप ज्ञवाली र स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकालले चिनियाँ राजदुत होउ यान्छीलाई मास्क हस्तान्तरण गरेका हुन् ।

चीनमा नोवेल कोरोना भाइरसको संक्रमणबाट जोगाउने मास्कको अत्याधिक माग भएपछि नेपाल सरकारले मास्क सहयोग गर्ने निर्णय गरेको थियो । परराष्ट्र मन्त्रालयमा आयोजित सहयोग सामग्री हस्तान्तरण कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत यान्छीले कोरोना भाइरसको संक्रमणमा नेपाल लगायत अन्तर ाष्ट्रिय समुदायबाट प्राप्त सहयोग र एकता चीनका लागि महत्वपूर्ण भएको बताइन् । उनले यसबाट




चिनियाँ नागरिक र नेतृत्वलाई थप उर्जा मिलेको समेत बताइन् ।

बिहीबार प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, सचिवहरु लगायत सुरक्षा निकायका प्रमुखसहितको बैठकले नोवल कोरोना भाइरसँग जुधिरहेको चीनलाई १ लाखको संख्यामा प्रोटेक्टिभ मास्क सहयोग गर्ने निर्णय गरेको थियो ।

नेपाली नागरिक फर्काउन अझै केही दिन लाग्ने

कोरोना भाइरस प्रभावित चीनको वुहानमा रहेका नेपालीलाई स्वदेश फर्काउन अझै केही दिन लाग्ने भएको छ । फर्काउने विद्यार्थी र नागरिकलाई राख्ने ठाँउ टुंगो लागेपनि प्राविधिक तयारी गर्न बाँकी रहेकाले थप समय लाग्ने भएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार इचंगुनारायणमा रहेको सुकुम्बासी आवास भवन, शिवपुरीको सैनिक ब्यारेक, भक्तपुरको खरिपाटीमा रहेको विद्युत् प्राधिकरण तालिम केन्द्र र सूर्यविनायकको सैनिक ब्यारेकमा त्यसका लागि तयारी भइरहेको छ ।

नेपाल फर्कनेलाई विश्व स्वास्थ्य संगठनले तय गरेको मापदण्ड अनुसार १४ दिन क्वारेन्टाइनमा राख्ने तयारी सरकारको छ । चीनबाट फर्कन आवेदन दिएका १ सय ८० जनालाई कहाँ, कति जनाका दरले राख्ने भन्ने तय गरी त्यसै अनुसारको कक्ष बनाउनुपर्ने भएकाले त्यसका लागि कम्तिमा दुई दिन समय लाग्ने मन्त्रालयले जनाएको छ ।

राख्ने स्थानमा शुक्रबारबाट प्राविधिक तयारी अघि बढेको मन्त्रालयले जनाएको छ । सम्भावित बिरामीलाई लक्षित गरी ४३ शैय्याको कक्षपनि स्वास्थ्य मन्त्रालयले तयारी अवस्थामा राखेको छ ।

## आलम प्रकरण : उच्चद्वारा जिल्लाको फैसला सदर

**काठमाडौं/मस–** इँटा भट्टामा जिउँदै मान्छे जलाएको आरोपमा थुनामा रहेका प्रतिनिधिसभाका निलम्बित सांसद तथा पूर्वमन्त्री अफताब आलम थुनामै रहने भएका छन् । जिल्ला अदालत रौतहटले थुनामा पठाएको आदेशविरुद्ध पुनरावेदन गर्दै आलम उच्च अदालत वीरगञ्ज पुगेका थिए । उच्चले शुक्रबार जिल्ला अदालतकै फैसला सदर गर्दै थुनामै राख्ने आदेश जारी गरेको हो ।

आलम पुस २८ गते जिल्ला अदालतको निर्णयविरुद्ध उच्च अदालत पुगेका थिए । उच्च अदालतका न्यायाधीश डिल्लीराज आचार्य र सत्यमोहन जोशीको इजलाशले आलमलाई थुनामै पठाउने जिल्लाको आदेश सदर गरेको हो । गत कात्तिक २९ गते जिल्ला अदालत रौतहटले उनलाई



थुनामा पठाएको थियो ।

यसअघि आलमलाई ४५ वर्ष कैद सजायको माग सरकारी वकिलको कार्यालय, रौतहटले माग गर्दै मुद्दा दायर गरेको थियो । आलमलाई त्रिलोकीप्रताप सिंह र ओसी अख्तरको हत्या अभियोगमा २५ वर्ष, सर्लाहीका सफी अहमदलाई बम विष्फोटन गराई घाइते भएको ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दामा १० वर्ष र विष्फोटक पदार्थसम्बन्धी मुद्दामा १० वर्ष गरी ४५ वर्ष कैद सजाय हुनुपर्ने जिकिर आरोपपत्रमा गरिएको थियो ।

## शेख हत्या प्रकरण : दुई जना पक्राउ

**काठमाडौं/मस–** संवेदनशील अंग (अण्डकोषसहितको गुप्ताङ) छिनाएर भारतीय नागरिकको हत्या गरी शवलाई जलाएको आरोपमा पक्राउ परेका दुई जनालाई प्रहरीले सार्वजनिक गरेको छ ।

बिर्तामोड नगरपालिका-२ चारपानेमा डेरा गरी बस्ने भारतीय नागरिक ४० वर्षीय सुवास शेखको हत्यामा संलग्न भएको आरोपमा पक्राउ परेका सोही ठाउँका २० वर्षीय करन चौधरी र १८ वर्षीय लक्ष्मण यादवलाई इलाका प्रहरी कार्यालय अनारमनीले आज पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो ।

सो अवसरमा जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले मादक पदार्थ सेवन गरेर सामान्य विवादमा शेखको हत्या गरेको र हत्यपछि चौधरी र यादवले उनको शवलाई स्थानीय ऐनकुमार राजवंशीको खेतमा राखिएको परालमा जलाएका हुन् । शेख चारपानेमा विगत १० वर्षदेखि बसोवास गर्दै आएको र



सोही क्षेत्रमै मजदूरी गर्दै आएका थिए । सोमबार साँझ यादव, चौधरी र शेख तीनै जना स्थानीय होटलमा सँगै बसेर मादक पदार्थ सेवन गरेको र आपसी विवादका क्रममा शेखलाई यादव र चौधरीले टाउकोमा ढुंगा प्रहार गर्दै बेहोस बनाएर पराल राखेको ठाउँसम्म घिसारेर पुर्याएको तथा संवेदनशील अंग काटेर परालमा आगो लगाएको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

पक्राउ परेका चौधरी र यादवलाई इलाका प्रहरी कार्यालय अनारमनीमा राखेर थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायब उपरीक्षक मुकुन्द रिजालले बताए ।

प्रहरीले पक्राउ परेका व्यक्तिको साथबाट संवेदनशील अंग काट्न प्रयोग गरिने चक्कु एक थान, मृतकलाई आगो लगाउन प्रयोग गरिने लाइटर एक थान, मृतकको लेनोभो कम्पनीको कालो मोबाइल एक थान, मृतकले प्रयोग गरेको सिम कार्ड, घटना घटाउँदा लक्षण यादवले लगाएको रागतजस्तो रातो लागेको दाग भएको एक थान भेस्ट र घटना घट्नुभन्दा अगाडि बुद्धिमाया राईको पसलबाट किनेको चुरोट तथा चुरोटका ठुटासमेत बरामद गरेको छ ।

## बालगृहबाट ७ बालबालिकाको उद्धार

**काठमाडौं/मस-** ललितपुरको भैसेपाटीमा संञ्चालित श्री पुनर्स्थापना पवित्र चिल्ड्रेन होम बालगृहका सात जना बालबालिकालाई बालबालिका खोजतलास समन्वय केन्द्रले उद्धार गरेको छ । बालबालिका खोजतलास समन्वय केन्द्रले शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गरी विभिन्न जिल्लाका सात बालबालिकालाई सम्पर्कमा ल्याइएको र अव अभिभावकलाई जिम्मा लगाइने जनाएको हो ।

सो बालगृह छोडेर हिडेका बालबालिकालाई भैसेपाटीस्थित महानगरीय प्रहरी प्रभागबाट खटिएको टोलीले बेवारिसे अवस्थामा फेलापारेपछि समन्वय केन्द्रमा ल्याइएको हो ।

सम्पर्कमा ल्याइएका बालबालिकाहरुमा सुर्खेत कि आशा नेपाली, लक्ष्मी शर्मा, रुकुम कि समुयल बिक र योना बिक तथा हुम्लाकी दिना टमटा, विजय टमटा र कलबहादुर टमटा रहेका छन् ।

त्यस्तै उक्त संस्थाका सञ्चालक आकाश खाती र कमला खातीलाई महानगरीय प्रहरी प्रभाग भैसेपाटी ललितपुरले नियन्त्रणमा लिई कानुनी कारबाहीका लागि प्रारम्भिक अनुसन्धान भइरहेको जनाइएको छ ।

## सातै प्रदेशका कारागारको निरीक्षण गरिने

**काठमाडौं/मस–** प्रतिनिधिसभाको कानून, न्याय तथा मानवअधिकार समितिले सात वटै प्रदेशमा रहेका कारागारहरुको अवस्था अध्ययन गर्ने भएको छ । शुक्रबार बसेको समितिको बैठकले सात वटै प्रदेशका कारागार निरीक्षण गर्ने निर्णय गरेको हो ।

कारागारहरुको अवस्था सन्तोषजनक नभएको भन्ने खवर सार्वजनिक भएको अवस्थामा कारागारभित्र बस्ने बन्दीहरुको अवस्थाका विषयमा समितिले निरीक्षण गर्ने निर्णय गरेको समिति सभापति कृष्णभक्त पोखरेलले बताए । कारगारभित्र बस्ने बन्दीहरुलाई आवास नपुगेको, उनीहरुको स्वास्थ्य अवस्था राम्रो नभएको र उनीहरुले कानूनी सहायता समेत भनेको समयमा नपाएको गुनासो बढेकोले कारागार हरुको निरीक्षण गरिने उनको भनाइ छ ।

संविधानले सम्बोधन गर्न नसकेका विषयमा जनताका गुनासा सुन्न र कार्यान्वयनको अवस्थाका विषयमा बुझ्नका लागि संवैधानिक सम्मेलन गर्ने निर्णय पनि समितिले गरेको छ । संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र नागरिक समाजका अगुवाहरु एकै ठाउँमा बसेर सम्बाद गर्नेगरी प्रदेश नम्बर तीनको चितवनमा संवैधानिक सम्मेलन गरिने उनले बताए ।

## दश वर्षीया बालिकाको आगलागीबाट मृत्यु

**कञ्चनपुर/मस–** कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१ मा शुक्रबार गोठमा आगलागी हुँदा दश वर्षीया बालिकाको जलेर मृत्यु भएको छ । घर नजिकै रहेको गोठको माथिल्लो तलामा रहेको भुसामा आगलागी हुँदा दश वर्षीया श्रृष्टि ऐरको मृत्यु भएको अस्थायी प्रहरीचौकी बन्साहका प्रमुख प्रहरी सहायक निरीक्षक महादेव पन्तले जानकारी दिए ।

घटनास्थल पुगेको प्रहरी टोलीले विस्तृत अनुसन्धान गरिरहेको बताउँदै आगलागीको कारण खुल्न नसकेको जनाएको छ । 'गोठमा बालिका गएको थाहा नै नपाएको जस्तो देखिन्छ,' प्रहरी सहायक निरीक्षक पन्तले भने, 'आगलागी कसरी भयो भन्ने विषयमा पनि हामी अनुसन्धान गर्दैछौं ।'

उनले आगलागीबाट बालिकाको घटनास्थलमै मृत्यु भएको जानकारी दिए । प्रहरीका अनुसार बालिका स्थानीय सूर्योदय पब्लिक बोर्डिङ स्कूलमा कक्षा-५ मा अध्ययनरत थिइन् ।

## भ्रष्टाचारीले उन्मुक्ति पाउनु हुँदैन : वरिष्ठ नेता नेपाल

**विराटनगर/मस–** नेपाल कम्युनिष्ट पार्टी(नेकपा) का वरिष्ठ नेता माधवकुमार नेपालले दोषी, अपराधी र भ्रष्टाचारीले उन्मुक्ति पाउन नहुने बताएका छन् । विराटनगर विमानस्थलमा आज बिहान पत्रकारसँगको भेटघाटमा उनले निर्दोष र निरअपराधी फस्न नहुने कुरामा जोड दिए ।

पूर्वप्रधानमन्त्री नेपालले एमसिसीका विषयमा अनुचित शर्त रहन नहुने भन्दै यसका लागि छुट्टै एक कार्यदल बनेको र यसले यस विषयमा गहन अध्ययन गरिरहेको जानकारी दिए । इण्डोप्यासिफिक रणनीतिकै एउटा अंग हो कि भन्ने



भ्रमलाई कार्यदलले हटाउने भन्दै उनले एमसिसी नेपालका लागि हित भएकाले यसलाई सरकारले स्वीकृत गर्नुपर्ने धारणा राखे ।

वरिष्ठ नेता नेपालले हामीसँग राम्रो सम्बन्ध राख्ने मित्रराष्ट्रसँग सुमधुर सम्बन्ध बनाउन खोजेको चर्चा गर्दै संयुक्त राज्य अमेरिकाले आफ्ना जिडिपीको केही अंश अल्पविकसित राष्ट्रलाई दिनु अधिकारभित्र पर्छ भने ।

उनले वैदेशिक ऋण र लगानीलाई 'समृद्ध राष्ट्र, सुखी नेपाली' बनाउने महान अभियानमा योजनाबद्ध ढंगले खर्च गर्नुपर्ने उल्लेख गर्दै सरकारले आफ्ना कमीकमजोरीलाई सच्याउँदै अघि बढ्नुपर्ने बताए ।

वरिष्ठ नेता नेपालले सरकारले मुलुकलाई सही ढंगले अगाडि बढाउनुपर्ने बताउँदै नेपालको वातावरण प्रदूषण न्यूनीकरणमा प्राप्त हुने वैदेशिक सहयोगलाई उचित ढंगले खर्च गर्नुपर्नेमा जोड दिए ।

## सन्धिखर्क र तौलिहवामा अब करदाता सेवा कार्यालय

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २४ माघ

कर तिर्नका लागि आफ्नो व्यवसाय नै बन्द गरी कृष्णनगर धाउनुपर्ने बाध्यतामा रहेका व्यवसायीलाई राहत मिल्ने भएको छ । उद्योगी व्यवसायीहरुको सेवालाई मध्यनजर गरी फागुन मसान्त भित्र अनिवार्य रुपमा लागू हुने गरी करदाता सेवा कार्यालय खोल्न लागिएको छ ।

आन्तरिक राजस्व कार्यालय कृष्णनगरको करदाता सेवा कार्यालय तौलिहवा र सन्धिखर्कामा विस्तार हुने भएपछि व्यवसायीलाई राहत मिल्ने भएको हो । नेपाल




सरकार मन्त्रिपरिषद्को निर्णयानुसार ग्राहकको सेवालाई मध्यनजर गर्दै सो स्थानमा करदाता सेवा कार्यालय स्थापना तथा स्तरोन्नति गर्ने निर्णय भएको आन्तरिक राजश्व कार्यालय कृष्णनगरका प्रमुख पुर्ण प्रसाद न्यौपानेले बताए ।

कार्यालयमा बैंक काउण्टर सञ्चालन गरेर कर बुझाउन आउने करदातालाई सहज बनाउने र कार्यालयमा विचौलियाको अन्त्य गरिने उनले स्पष्ट पारे । १ जना कर अधिकृतको मतहतमा करदाता सेवा कार्यालयको स्थापना गर्न लागिएको हो ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।
Get your skill for your future carrier



HK
Cleaners/House Keeping/ Laundry man, Room boy
KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
स्वदेशमै होस कि विदेशमा
स्वरोजगार वा वैदेशिक रोजगार
तपाईं सीप सिक्नुहोस्
अवसर र उपाय हामी खोजी दिन्छौं ।
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

कथा

# चर्किएको घर



विष्णु भण्डारी

जाँग्दा घाम निकै माथि आइसकेको थियो । उसले वार्दलीबाट सुदूर पूर्वको आकाश हेर्‍यो । वैशाख महिनाको आकाश धुम्म थियो । सबैतिर सन्नाटा फैलिएको थियो । 'वसन्तको बिहान पनि कस्तो उदेक लाग्दो !' उसले मनमनै सोच्दै चुरोट सल्कायो । चुरोटको धुवाँ गोलो आकारमा लहरिदै आकासियो । उसले धुवाँको पर्दाले छेलिएको क्षितिज हेर्‍यो । हेर्दा हेर्दै हिजो मात्र बिताएका रमाइला क्षणको सम्झना आयो उसलाई । ती क्षण सम्झिदा पनि भित्रभित्रै काउकुति लागेर आयो । तिन दिन पहिले अफिसको काम छ भनेर बाहिरिएको थियो ऊ । अफिसको काम त बहाना थियो । ऊ यसरी नै गर्लफ्रेन्ड च्यापेर रिसोर्ट्तिर लाग्थ्यो र मस्तरामको जिन्दगी बिताउँथ्यो ।

ऊ घर आउँदा स्वास्नीले मुस्कुराउँदै स्वागत गरेकी थिई । खुट्टा भाँचिएर थला परेकी भए पनि हर्षित हुँदै बैशाखीको सहाराले उठी । सकिनसकी कान्छीसँगै मिलेर खाना बनाई । श्रीमानलाई ख्वाई । आफूले खाई । लोग्नेको आगमनमा ऊ चञ्चल र रोमाञ्चित भएकी थिई । तर लोग्नेको अवस्था भने त्यस्तो थिएन । स्वास्नीलाई देख्दै निराश भएको थियो ऊ । उसको नागरिकताको नाम कृष्णहरि थियो । स्वास्नीले भने मायाले कृस भनेर संवोधन गर्थी उसलाई । मोटो र थुलथुले शरीर त्यसमा पनि भाँचिएको खुट्टा । कृष्णहरिले आफ्नी प्रेमिकासँग स्वास्नीलाई दाँज्यो र नाक खुम्चायो । ऊ मोटी मात्र हैन कृष्णहरिभन्दा अग्ली र उमेरले जेठी पनि थिई । ऊ मोटी र जेठी भए पनि नराम्री भन्न मिल्ने खालकी भने थिइन । तर कृष्णहरिलाई लाग्थ्यो 'काँ परीजस्ती गर्लफ्रेन्ड काँ यो ढेब्बरे ?'

कृष्णहरिले सुत्नेबेलामा भनेको थियो- 'यो संसारमा तिमीजत्तिको प्यारो वस्तु अरू केही छैन प्रिय !' उसले यसो भन्दा स्वास्नी मुस्कुराएकी थिई । स्वास्नी केही बेर नबोली बसी । उसले फेरि पनि यस्तै कुरा गरेपछि भने उसले लोग्नेको अनुहारमा हेर्दै भनेकी थिई- 'भो भो चेपारे घस्नु पर्दैन । लोग्ने मान्छेको के भरोषा ?' हुन त उसले स्वास्नीलाई यसैगरी फुर्काउँथ्यो सधैं । यसैगरी चेपारे घस्थ्यो र प्रेमिकासँग मस्ती मार्थ्यो । तर यसपल्ट भने अलि बढी नै माया गरेको स्वाङ गर्दै थियो ।

साँझ खाना खाएर सुत्दा अलि अबेर भएको थियो । बिहान ब्युझँदा स्वास्नी अर्कोतिर फर्किएर सुतेकी थिई । सधैं यतिखेर उठिसक्थी । कान्छीलाई चिया बनाउन लगाउँथी र लोग्नेसँगै नारिएर चिया सुर्काउँथी । मिठा मिठा कुरा गर्थी र रमाउँथी । तर आज ऊ उठिन । उठाउँदा पनि उठिन । बरू अझै कुनातिर ढेपिएर सुती । उसले मनमनै सोच्यो- 'सुत्दा त ठिकै थिई । के भएछ यो ढेब्बरीलाई ?'

बिबाह गर्दा नै ऊ यस्तै मोटी र अग्ली थिई । उतिखेर यही आइमाई कृष्णहरिलाई परीजस्तै सुन्दर लागेकी थिई । अझ सहरको सम्पन्न बाउकी एक्ली सन्तान । यो रहस्य थाहा पाएपछि त ऊ पागलजस्तै उसको पछि लागेको थियो । भगवानलाई जस्तै दिनरात उसकै पूजा गर्न थालेको थियो । नभन्दै उसको पूजाबाट भगवान खुसी भए । स्वास्नीमात्र हैन अकूत दाइजो पनि हात पार्न सफल भयो ऊ । तर समयक्रममा आज त्यही आइमाई उसलाई ढेब्बरी लाग्न थालेकी थिई ।

शनिवारको दिन ब्रेकफास्ट अलि ढिलै हुन्थ्यो । स्वास्नीका कारण आज झनै ढिला भएको थियो । पहिले त ऊ सञ्चो छैन भन्दै उठ्न मानिन । तर कान्छीले कर गरेपछि ऊ विस्तारै उठी र बैशाखीको सहाराले आरामगृह छिरी । उसका आँखाका डिल सुन्निएका थिए । रातभर रोएको जस्तो अनुहार फुङ्ग उडेको थियो । आँखा राता र निन्याउरा थिए । निराश अनुहारमा उदासी छाएको थियो । नास्तामा जुस र कफी बाहेक केही लिइन उसले । कृष्णहरिले नास्ता खाएपछि पत्रिका पढ्न थाल्यो । बिचबिचमा उसलाई पनि पढ्दै थियो । 'कतै मेरो राम कहानी त थाहा पाइन यसले ?' उसलाई शंकाले गाँज्दै थियो । मनमा अनेक तर्कना आए । अन्तिममा 'हिजो साँझसम्म थाहा नपाएकीले कसरी नै थाहा पाईहोली र ?' भन्ने सोचेर ढुक्क भयो ऊ ।

खाना तयार गर्दै थिई कान्छीले । भान्सामा पाकेको मिष्ठान्नको वासना बेडरूमसम्म आउँदै थियो । ऊ घरी घरी भान्सामा जान्थ्यो । सहयोग गर्ने निहुँ पार्दै कान्छीको भर्खरै फक्रिदै गरेको जवानीलाई अङ्गालोमा कस्थ्यो र फेरि कोठामा आउँथ्यो । स्वास्नी ठुस्सिएर बसेकी थिई । ऊ बोलेकी थिइन । कृष्णहरि ऊसँगै बसेर उसको घुङ्गिएको कपाल खेलाउँदै भन्यो- 'किन, के भयो मेरो प्रियालाई ? भन न मेरो रानी ! सञ्चो भएन कि ?' ऊ बोलिन । उसले केही बेर यस्तै अर्थ न बर्थका एकतर्फी संवाद गर्‍यो । सुन्तलाका केसराजस्ता ओठमा म्वाइँ खायो र फेरि भन्यो- 'तिमी नबोल्दा मलाई संसारै नरमाइलो लाग्छ प्रिय । बोलन ।'

अब भने त्यो आइमाइले आफ्नो टाउको कृष्णहरितिर फर्काई र सिंहिनीले झैं हेर्दै भनी- 'यो संसारमा मजत्तिको प्यारो वस्तु अरू छैन, हैन ? तिमीले भन्न खोजेको यही हैन ?'

'बाफ रे कस्ता डरलाग्दा आँखाले हेरेकी । निश्चय पनि मेरो कृष्णलीला थाहा पाई यसले ।' कृष्णहरिले मनमनै सोच्यो । ऊ एक पटक भित्रैदेखि काँप्यो । स्वास्नीको डरलाग्दो हेराइले ऊ यति कमजोर र त्रसित भयो कि पहिले त बोल्नै सकेन । केही समय यसरी नै बित्यो । अन्तिममा उसले डराउँदै विस्तारै भन्यो- 'हो प्रिय..।'

वाक्य टुंग्याउन नपाउँदै ऊ हुत्तिएर पर पुग्यो । 'भूकम्प !' कान्छी चिच्याउँदै भर्‍याङतिर भागी । कृष्णहरि पनि कान्छीलाई पछ्याउँदै एकै झट्कामा बाहिर निस्कियो । अपाङ्ग स्वास्नीले ऊ भाग्दै गर्दा चिच्याएर सहयोगको याचना गरी । तर उसको आवाज न लोग्नेले सुन्यो न कान्छीले । केही सेकेन्डमै घरका छाना खस्न लागे । हेर्दा हेर्दै उसको घर माटोढुङ्गाको ढेरमा परिणत भयो ।

'दिदी ! खै दिदी ?' कान्छी चिच्याई । उसको त्रासदीपूर्ण आवाजले बल्ल उसलाई आफ्नी स्वास्नीको सम्झना भयो । ऊ यतिञ्जेल घरको खण्डहरमा पुरिइसकेकी थिई ।

सबैतिर हाँहाकार मच्चियो । एकैछिनमा ऊ बस्ने टोल खण्डहर बनेको थियो । मान्छेहरू रूँदै र चिच्याउँदै थिए । कसैले राम नाम जप्दै थिए भने कोही आफन्तलाई खोज्दै थिए । भाग्न सक्ने भागे नसक्ने भित्रै पुरिए । भग्नावशेषमा पुरिएकालाई टोलका युवाहरूले निकाल्दै थिए । कान्छी चिच्याउँदै भत्किएको घरतिर दगुरी । ऊ बारम्बार दिदी भन्दै चिच्याउँदै थिई । तर घर यसरी भत्किएको थियो कि दिदी लापत्ता थिई । कान्छी सँगसँगै कृष्णहरि पनि आयो र भत्किएको घरलाई नियाल्न लाग्यो । केही समय पहिलेका स्वास्नीका डरलाग्दा आँखा सम्झियो । दस वर्ष पहिलेको प्रेम कहानी सम्झियो । कम्ता माया गर्दिनथी उसले कृष्णहरिलाई । ऊ पश्चिम पहाडको मध्यमवर्गीय परिवारको छोरो । न धन थियो न काठमाडौंमा अडिने ठाम । तर पढ्दा पढ्दै ऊ धनी बाउकी एक्ली छोरीसँग नजिकियो । सम्बन्ध विस्तारै मायामा फेरियो । हेर्दा हेर्दै ऊ काठमाडौंको बासिन्दा बन्यो ।

'नरो, रोएर आउने हैन क्यारे !' उसले कान्छीलाई भन्यो र फेरि भग्नावशेषमा हेर्न लाग्यो । स्वास्नीलाई निकाल्न सक्ने सँभावना कतै थिएन । केही समयमै माइती आए । आफन्त र छिमेकी आए । सबै रोए, चिच्याए ।

कसैले ढुङ्गा पन्छाए कसैले माटो । तर त्यो घरैघरले थिचिएको खण्डहरबाट बिचरीलाई निकाल्न सक्ने कसको औकात ! कृष्णहरि भग्नावशेषमा टुक्रुक्क बसेर ताजा स्मृतिमा हराउँदै थियो । एक मिनेटको धक्काले ऊ फेरि एक्लो र असहाय बनेको थियो । विगत सम्झिदा उसका आँखा रसाए । ऊ भग्नावशेषमा घोप्टिएर क्वाँ क्वाँ रोयो । त्यही ढेब्बरीले उसलाई राजधानीको बासिन्दा बनाएकी थिई । उसैको प्रयत्नले ऊ नाम चलेको बैंकको अफिसर भएको थियो । उसैको दाइजोमा श्यालको रजाइँ गरेको थियो । र, ब्याचलर पढ्दै गरेकी चनमतेलाई गर्लफ्रेन्ड बनाएको थियो ।

उसलाई ससुराली, साथीभाइ र छिमेकीले सान्त्वना दिए । छोरीलाई भग्नावशेषमै छोडेर ज्वाइँनारानलाई साँझ घरमा लगेर राखे । तेस्रो दिन बल्ल उद्धार टोली आयो र भग्नावशेष पन्छाउन लाग्यो । यी तिन दिन कृष्णहरिका लागि तिन वर्षजस्तै भए । बिच बिचमा प्रेमिका आउँथी र नआत्तिन भन्थी । 'किन निराश हुनु भएको ? म छु नि ।' उसले ढाडस दिंदै भनेकी थिई । हुन पनि भूकम्प आएर राम्रै भएको थियो उसलाई । घर भत्किए पनि जग्गा र बैंक ब्यालेन्स छँदै थियो । ससुरालीले दिएको महाराजगञ्जको घडेरी सुनजस्तै बहुमूल्य थियो । त्यही घडेरी बेचे पनि भव्य महल ठड्याउन सकिन्थ्यो ।

प्रेमिकाको मोडलको जस्तो सलक्क परेको शरीर र सम्पत्ति सम्झिँदा उसको मन बौरिएर आयो । उसले भूकम्प गएको अर्को दिनबाटै नयाँ सपना देख्न थाल्यो । उसले भत्किएको घरलाई पुनर्निमाण गर्ने छ । गर्लफ्रेन्डलाई भित्र्याउने छ । आखिर एक दिन स्वास्नीसँग डिभोर्स त गर्नै पर्थ्यो । उसले यस्तै सोच्दै थियो । अकस्मात आएको हल्लाले उसको तन्द्रा भङ्ग भयो । छिमेकी, आफन्त र उद्धारकर्ताहरू 'भित्रबाट आवाज आयो, मान्छे जिउँदै छ' भन्दै चिच्याउँदै थिए ।

हेर्दा हेर्दै छरछिमेकी र आफन्तहरूको भीड लाग्यो । नभन्दै पाँच घन्टाको प्रयत्नपछि भग्नावशेषबाट उसकी स्वास्नीको जिउँदै उद्धार भयो । यो देखेर सबै खुसीले पागलजस्तै चिच्याए ।

कृष्णहरिकी प्रेमिका भने अमिलो मुख लगाउँदै बाहिरिई ।

कृष्णहरिकी स्वास्नीलाई अस्पताल भर्णा गरियो । ऊ केही दिनमै पूर्ववत् अवस्थामा आई । उसलाई खासै ठूलो चोट लागेको थिएन । भूकम्पले हुत्याउँदा ऊ भर्‍याङतिर लडेकी थिई । तिन दिनसम्मको भोक र प्यासले असमान्य अवस्थामा पुगे पनि ऊ बाँची । धेरैले भगवानको लीला भने । कसैले लोग्नेको मायाले उ बाँच्न सकी भने । तर धेरैजसोले बाउआमाको आँसु पुछ्न ऊ बाँचेकी हो भने ।

उसलाई पाँच दिनको उपचारपछि डिस्चार्ज गरिदै थियो । अस्पतालमा आफन्तको भीड लागेको थियो । अचम्म त यो बिचमा ऊ लोग्नेसँग एकपटक पनि बोलेकी थिइन । ऊ सबैजसो समय टोलाएर बस्थी । 'यस्तो भवितव्यमा पनि लोग्नेसँग किन नबोलेकी होली ?' आफन्तका बिचमा खासखुस नचलेको होइन । तर यसको रहस्य ऊ बाहेक कसैलाई पनि थाहा थिएन ।

घर जाने दिन भने ऊ प्रफुल्ल देखिई । 'सायद आफू जन्मे हुर्केको घरमा जान पाउँदा उसमा खुसी फर्किएको होला ।' सबैले उसको उज्यालो मुख देख्दा यस्तै सोचे । गाडी चढेपछि उसले आफ्नो लोग्नेलाई नजिक डाकी । के हुँदैछ भनेर सबैजना झिरिप्प जम्मा भए । उसले एक पटक सबैजनालाई हेरी र गम्भीर हुँदै लोग्नेलाई भनी- 'ल बाई ! कृष्णहरिजी ! म त बाबाको घर जाने भएँ । तपाई पनि आफ्नो घर जानु होला ।'

'आफ्नो घर जानु होला रे !' कृष्णहरिले स्वास्नीको भनाइ नबुझेर उही वाक्य दोहोर्‍यायो । अरूहरू पनि उसको भनाइको तात्पर्य बुझ्न नसकेर हैरान भए । ऊ वाल्ल परेर हेरेको हेर्‍यै भयो । केही समयको मौनतालाई तोड्दै उसकी स्वास्नीले फेरि भनी- 'म मान्छेसँग मात्र प्रेम गर्छु कृष्णहरिजी ।'

'अनि ! के म अब मान्छे पनि रहिन ?'

'तपाईभित्र मान्छे होइन सैतानले बास गरेको रहेछ कृष्णहरिजी । जसले मलाई होइन अरू कसैलाई प्रेम गर्छ ।'

'अरू कसैलाई प्रेम गर्छ !' कृष्णहरि रातोपिरो हुँदै भकभकायो ।

'हो कृष्णहरिजी ! भूकम्पको रातको च्याट हेर्नुहोला । तपाईंको मोवाइलमा त्यो संवाद अझै पनि सुरक्षित हुनुपर्छ । अनि तिन दिन रिसोर्टमा बिताउँदाका तस्विर पनि अझै सुरक्षित होलान् ।'

'भूकम्पको रात म तिमीसँगको विछोडले अर्धचेत थिएँ । कोसँग गरेको संवाद हेरूँ मैले ।'

मेरो जीवनमा भूकम्प ११ गते राती ११ बजेर ५६ मिनट जाँदा आएको थियो कृष्णहरिजी ।'

'११ गते ? तिमी होसमा त छौ ?'

'म पूर्ण होसमा छु । मेरो जीवनमा महा-भूकम्प १२ गते दिनको ११ बजेर ५६ मिनेट जाँदा गएको थिएन । त्योभन्दा ठिक १२ घन्टा अघि गएको थियो । जतिखेर म तपाईंकी गर्लफ्रेन्डसँग च्याटमा थिएँ ।'

'च्याटमा थिएँ ।'

'हो कृष्णहरिजी ! तपाईंको सेलफोनमा फेसबुक लग इन थियो । मलाई थाहा थिएन मान्छे यतिविघ्न नीच र बेइमान पनि हुनसक्छ भन्ने कुरो । उसले तपाईंलाई म्यासेज पठाएकी थिई । तर त्यसको रिपलाई मैले गरेँ र सारा रहस्य पत्ता लगाएँ । त्यो संवादले मेरो जीवनमा १० रेक्टरको भूकम्प गएको थियो ।' ऊ यसरी बोल्दै गर्दा केहीबेर शान्त भई । लामो निश्वास छोडी र फेरि कृष्णहरिको अनुहारमा हेर्दै भनी- 'भूकम्पले भत्किएको भन्दा चर्किएको घर बढी खतरनाक हुन्छ । चर्किएको घर आखिर छोड्नै पर्छ । हैन र कृष्णहरिजी ?'

'यो संसारमा तिमीजत्तिको प्यारो वस्तु अरू छैन प्रिय ! तिमीसँग संवाद गर्ने महिला तिम्रो दुश्मन पनि त हुन सक्छ ।'

'हो, तपाईंले ठिक भन्नु भयो । त्यो मध्यरात मसँग संवाद गर्ने महिला मेरो दुश्मन हो भन्नेमा म पूर्ण सहमत छु । सौताभन्दा ठूलो दुश्मन महिलाका लागि अरू को नै हुन सक्छ र !' उसले केही बेर निवर्तमान हुँदै गरेको लोग्नेको अनुहारमा घृणापूर्वक हेरी र फेरि भनी- 'भूकम्पले चर्किएको घर र सौता उस्तै उस्तै हुन् कृष्णहरिजी ।'

> "बाफ रे कस्ता डरलाग्दा आँखाले हेरेकी । निश्चय पनि मेरो कृष्णलीला थाहा पाई यसले ।" कृष्णहरिले मनमनै सोच्यो । ऊ एक पटक भित्रैदेखि काँप्यो । स्वास्नीको डरलाग्दो हेराइले ऊ यति कमजोर र त्रसित भयो कि पहिले त बोल्नै सकेन ।

कविता

## स्मरणीय कविहरू



बलराम तिमल्सिना

त्यसो त धेरै कविहरू छन्
तर केही कविहरू विशेष स्मरणीय छन् ।
ती कविहरू
उनीहरूका विशेष गुणले स्मरणीय छन् ।
फूल माला वोकेर विहानै
ती सत्ताको ढोकैमा पुग्छन जदौ गर्न
कसैको पदोन्नतीमा बधाई दिन
या आफ्नो पदोन्नतीको आशीर्वाद थाप्न
र, उतैबाट
कविताको कन्टेन बोकेर फर्कन्छन् ।

कविताको बजारमा ती
आगो कविता लिएर पस्छन्
र हामीलाई आच्छु आच्छु पार्छन् ।

ती उता पनि प्रिय छन्
र ती एता पनि सम्माननीय छन्
केही कविहरू विशेष स्मरणीय छन् ।

ती कविसँग हरेक कविता छन्
देखाउनलाई आगो कविता पनि छन्
आगो निभाउन( पानी कविता
अरूलाई उडाउन( आँधी कविता ।
केही भजन कविता
गाली कवितार चाकडी कविता
तीसँग हरेक कविता छन् ।

ती माधव घिमिरेलाई ढोग्छन, र
पारीजातलाई सलाम ठोक्न पुग्छन
ती भानुभक्तलाई फूल चढाएर
कृष्ण सेनको पनि कविता कथ्छन्
ती एकसाथ
संसदवादी र समाजवादी बन्न सक्छन्
अद्भुत कलाले सम्पन्न ती कवि
विशेष स्मरणीय छन् ।

ती एकसाथ
सत्ता र विद्रोहीका कवि बन्न सक्छन्
एता सरकारको चर्को आलोचक देखिन्छन्
साँझ सदस्यता नविकरण गर्न आफैं पुग्छन्

ती कविहरू
आफै कवि पनि हुन्
र आफै समीक्षक पनि हुन्
त्यसो त ती अर्थोक अर्थोक पनि हुन्
छन त धेरै कविहरू छन्
त्यसमध्ये केही खास छन्
जो विशेष स्मरणीय छन् ।

यी तीनै लोक भ्याउँने कविहरू
विशेष रूपले स्मरणीय छन् ।

कविता

## धेरै सुतेछौ अब जाग जाग



टिकाराम दुलाल

आफै हटाऊ ननिका बिचार
आफै जगाऊ दिल भित्र प्यार
देखाइ बाटो अघि लाग लाग
धेरै सुतेछौं अब जाग जाग ।१।

ज्ञानी बनेको छ नि कर्मलेनै
बाढेर बाचौं प्रित मर्मलेनै
माया छ ठूलो रिस राग त्याग
धेरै सुतेछौं अब जाग जाग ।२।

आध्यात्मवादी जन बन्नु पर्छ
योग् ध्यानलेनै रस प्रेम भर्छ
यो शक्ति लौ ईश्वरसंग माग
धेरै सुतेछौं अब जाग जाग ।३।

पापी र धर्मी भनि चिन्न गारो
जो प्रेम बाड्ने सबको छ प्यारो
आत्मा सफा राख सिमा ननाग
धेरै सुतेछौं अब जाग जाग ।४।

खादा नखादा मुख हुन्छ रातो
थाहा छ उस्को रगतै छ तातो
त्यस्तै नि मान्छे हुनु एक बाघ
धेरै सुतेछौं अब जाग जाग ।५।

भो गल्ति के के बुझ के छ साँचो
साच्चै मिठो खैं फल हुन्न काँचो
बैमानको त्यो धुन गन्दि दाग
धेरै सुतेछौं अब जाग जाग ।६।

राखौं सुनौलो शुभ लक्ष्य हाम्रो
गन्तब्य भेटे पछि हुन्छ राम्रो
उद्देश्य खातिर सहि मार्ग लाग
धेरै सुतेछौं अब जाग जाग ।७।

लागेछ तिर्खा तर छैन धारो
तातेर छिर्दा चिसिएछ पारो
पानी बनौं, मानव हुन्न काग
धेरै सुतेछौं अब जाग जाग ।८।

लाने छ खै के म मरेर जादा
पाको चितामा पनि जल्छ खादा
हो बन्न मान्छे ति घमण्ड त्याग
धेरै सुतेछौं अब जाग जाग ।९।

निन्द्रा भनेको रिपु दैत्य जस्तो
कैले नपुग्ने भन रैछ कस्तो
आऊ ल मेटौं निदका ति राग
धेरै सुतेछौं अब जाग जाग ।१०।

# कोरोना पत्ता लगाउने चिकित्सककै निधन



**बेइजिङ/एजेन्सी–** विश्वभर त्रास फैलाएको कोरोना भाइरसबारे सर्वप्रथम चेतवानी दिने चिनियाँ चिकित्सक ली वेनलियाङको कोरोना भाइरसकै संक्रमणका कारण मृत्यु भएको छ। वुहानको केन्द्रीय अस्पतालका नेत्र रोग विशेषज्ञ लीको डाक्टरको उत्तम प्रयासको बावजुद कोरोना भाइरस संक्रमित भएपछि शुक्रबार बिहान मृत्यु भएको हो।

राष्ट्रिय स्वास्थ्य आयोग (एनएचसी)ले शुक्रबार एक विज्ञप्तिमार्फत् लीको मृत्युप्रति गहिरो समवेदना व्यक्त गरेको छ। एनएचसीले चिकित्साकर्मीहरु, जसले व्यक्तिगत चुनौती र जोखिमबीच महामारी नियन्त्रणको नेतृत्व गरिरहेका सम्पूर्ण चिकित्सक तथा स्वास्थ्यकर्मीप्रति बिशेष आभार प्रकट गर्दै उनीहरूको राज्यबाट उच्च मूल्यांकन भएको उल्लेख गरेको छ।

चिनियाँ सरकारी सञ्चारमाध्यम तथा विश्व स्वास्थ्य संगठनले कोरोनाको पहिलो चेतावनी दिने लीको मृत्युको खबर दिएका थिए। तर, पछि वुहान केन्द्रीय अस्पतालले सामाजिक सञ्जालमार्फत उनको स्वास्थ्य गम्भीर रहेको र उनको जीवन बचाउने हरसम्भव प्रयास भइरहेको बताइएको थियो।

चिनियाँ मिडियाका अनुसार वुहान केन्द्रीय अस्पतालका आँखा विशेषज्ञ डा. वेनलियाङले ३० डिसेम्बरमा उनले आफ्नो साथीलाई केही बिरामीमा कोरोना भाइरसको लक्षण देखिएको जानकारी दिएका थिए। उनले जानकारी दिएको तीन दिनपछि स्थानीय प्रहरीले यसबारे नबोल्न र भ्रम नफैलाउन चेतावनी दिएको थियो। प्रहरीले भनेको थियो, 'हामी गम्भीर रुपमा तपाइँलाई चेतावनी दिन्छौं, तपाइँ आफ्नो जिद्दी छाड्नुहोस्, हल्ला बन्द गर्नुहोस्।' अन्ततः चिकित्सक वेनलियागङ कै कुरा सत्य सावित भयो।

एनएचसीले भनेको छ, 'महामारी नियन्त्रणको यो अत्यन्त महत्वपूर्ण घडीमा सम्पूर्ण समाजले चिकित्साकर्मीलाई बढी सहयोग गर्नुपर्छ साथै समस्यालाई पार गर्न र भाइरसको प्रकोप विरुद्धको लडाइमाथि विजयका लागि एकजुट बन्नुपर्छ।' यसबाहेक वुहान नगरपालिका प्रशासनले शुक्रबार एक सूचनामा लीको मृत्युप्रति शोक व्यक्त गरेको छ। 'हामी यस घडीमा उहाँको निधनप्रति गहिरो समवेदना व्यक्त गर्छौं, महामारीको विरूद्ध अग्रमोर्चामा लड्ने उहाँलाई सम्मान व्यक्त गर्दछौँ साथै उहाँको परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं,' स्थानीय नगरप्रशासनले जारी गरेको सूचनामा उल्लेख छ।

यसैबीच, राष्ट्रिय सुपरिवेक्षण आयोगले कोरोना भाइरसको संक्रमणपछि मृत्यु भएका चिकित्सक ली वेनलियाङको मृत्यु सम्बन्धित मुद्दाको गहन छानबिन गर्न नयाँ कोरोना भाइरस प्रकोपको केन्द्रबिन्दु तथा हुबेई प्रान्तको राजधानी वुहानमा एक निरीक्षण समूह पठाउने निर्णय गरेको छ।

**कोरोना भाइरसको संक्रमणबाट शुक्रबारसम्म ६३० को मृत्यु**

डिसेम्बरको अन्त्यमा चिनियाँ बजारमा देखापरेको नयाँ कोरोना भाइरसले शुक्रबारसम्म ६३० भन्दाबढी व्यक्तिको ज्यान लिएको छ। संक्रमण विश्वभर फैलिएको भएपनि यसले चीनबाहेकका मुलुकमा प्रकोपका रूपमा नदेखिएको विश्व स्वास्थ्य संगठनले जानकारी गराएको छ। पछिल्लो तथ्यांकअनुसार कोरोना भाइरसको संक्रमणका कारण चीनमा ३० हजारभन्दा बढी व्यक्तिले उपचार गराइरहेका छन्।

चिनियाँ मुख्य भूमि बाहिर विभिन्न ३० स्थानमा करीव २४० व्यक्तिमा कोरोना भाइरसको संक्रमण भएको बताइएको छ। अहिलेसम्म हङकङ र फिलिपिन्समा दुई व्यक्तिको मृत्यु भएको छ। पछिल्लो तथ्यांकअनुसार कोरोना भाइरसको संक्रमण सबैभन्दा बढी जापानी पानी जहाज, डाइमण्ड प्रिन्सेसमा ६१ जना रहेका छन् भने सिंगापुरमा ३०, जापानमा २५, थाइल्याण्डमा २५, हङकङमा (मृत्यु भएका एक व्यक्तिसहित) २४, दक्षिण कोरियामा २३, ताइवानमा १६ अष्ट्रेलियामा १५ र मलेसियामा १४ व्यक्तिमा भएको छ।

त्यसैगरी जर्मनीमा १३, संयुक्त राज्य अमेरिकामा १२, भियतनाममा १०, मकाउमा १०, फ्रान्समा छ, क्यानडामा पाँच, संयुक्त अरब इमिरेट्समा पाँच, बेलायतमा तीन, भारतमा तीन, फिलिपिन्समा (मृत्यु भएका एक व्यक्तिसहित) तीन व्यक्तिमा नयाँ कोरोना भाइरसको संक्रमण देखिएको छ। रूस र इटाली मा दुई दुई व्यक्तिमा उक्त भाइरसको संक्रमण देखिएको छ। नेपाल, श्रीलंका, कम्बोडिया, फिनल्याण्ड, स्पेन, स्वीडेन, बेल्जियममा एक एक जनामा नयाँ कोरोना भाइरसको संक्रमण भेटिएको छ।

## चीनले छिट्टै सफलता पाउनेमा ट्रम्प विश्वस्त



**वासिङ्टन/एजेन्सी–** चीनमा प्रकोपका रूपमा देखिएको कोरोना भाइरस नियन्त्रण प्रयासमा चीनले छिट्टै सफलता पाउनेमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफू विश्वस्त रहेको बताएका छन्। चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको टेलिफोन वार्तामा अमेरिकी राष्ट्रपति ट्रम्पले कोरोना भाइरस नियन्त्रणका लागि चीनले अपनाएका उपायबाट छिट्टै भाइरस संक्रमण नियन्त्रणमा सफलता मिल्ने बताएका हुन्।

चीनमा देखिएको कोरोना भाइरस महामारीले विश्वलाई चिन्तित तुल्याएको भन्दै यसको सामना गर्ने चीनको क्षमताप्रति अमेरिकी राष्ट्रपति ट्रम्प 'विश्वास' व्यक्त गरेका ह्वाइट हाउसले शुक्रबार एक विज्ञप्तिमार्फत जानकारी गराएको छ। 'फोनवार्तामा दुई नेताबीच आपसीरूपमा सूचनाको बढीभन्दा बढी आदानप्रदान र आवश्यकताअनुसार अन्य विषयमा पनि समन्वय जारी राख्न सहमत हुनुभएको थियो,' विज्ञप्तिमा भनिएको छ।

चिनियाँ राज्य सञ्चालित सञ्चारमाध्यममा दुई नेताबीच टेलिफोन वार्ता भएको सार्वजनिक भएपछि ह्वाइट हाउसले पनि यसबारे जानकारी गराएको हो। उक्त अवसरमा उनीहरुले संयुक्तराज्य अमेरिका र चीनबीच हालै सम्पन्न पहिलो चरणको व्यापार सम्झौताबारे पनि छलफल भएको थियो। उनीहरुले व्यापार सम्झौता चीन र अमेरिकाबीचको उल्लेख्य उपलब्धि भएको भन्दै यसलाई कार्यान्वयनमा लैजाने प्रतिवद्धता व्यक्त भएको थियो।

## अमेरिकाद्वारा रिमीको मृत्यु भएको घोषणा

**वासिङ्टन/एजेन्सी–** संयुक्त राज्य अमेरिकाले यमनमा अमेरिकी सेनाले गरेको आतंकवाद विरोधी अभियानमा अल कायदा नेता कसिम अल-रिमी र उनका सहायक अयमान अल जवाहिरीको मृत्यु भएको घोषणा गरेको छ। ह्वाइट हाउसले शुक्रबार उक्त जानकारी गराएको हो।

कासिम अल-रिमी अरबी प्रायद्वीपमा आतंकवादी संगठनको नेता हुन्। 'राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्देशनमा अमेरिकाले यमनमा आतंकवाद विरोधी अभियान चलाएको र यसमा अरबी प्रायद्वीपका संस्थापक र अल कायदाका नेता कासिम अल-रिमीलाई सफलतापूर्वक पराजित गरेको छ।' विज्ञप्तिमा भनिएको छ। उनी अल-कायकाको अन्तर्राष्ट्रिय संगठनका सहायक नेता थिए।

अमेरिकी अधिकारीको दाबीअनुसार रिमीले यमनमा आम नागरिक विरुद्ध अपराध गरेका थिए र संयुक्त राज्य अमेरिकाका सेनामाथि कैयौं आक्रमण गरेका थिए। 'रिमीको नेतृत्वमा अल कायदाको अरबी समूहले यमनमा नागरिकमाथि जघन्य हिंसाका थुप्रै घटना भएका छन्। उसले संयुक्त राज्य अमेरिका र अमेरिकी सेनाबिरूद्ध धेरै आक्रमणका लागि विभिन्न समूहलाई प्रयोग गरेको थियो,' विज्ञप्तिमा भनिएको छ।

ह्वाइट हाउसले भनेको छ, 'वाशिङगटन, अमेरिकी नागरिक र यसका सहयोगीको हितको रक्षा गरिरहनेछ। अल-रिमीको मृत्युको परिणामस्वरूप अमेरिका, हाम्रो हित, र हाम्रा सहयोगी सुरक्षित बनेका छन्। हामी अमेरिकी जनतालाई बचाउने अभियान जारी राख्नेछौं।'

अमेरिकी ड्रोन आक्रमणमा अल कायदाका नेताको हत्यापछि उनले नेतृत्व लिएका थिए। सन् २००९ मा पश्चिमी क्षेत्रमा अमेरिकी सहयोग रहेका सरकारलाई कमजोर बनाउन यमन र साउदी अरेबियमा गरी दुईपटा क्षेत्रमा अल(काइदाका अलगअलग समूह बनाइएको थियो। जनवरीदेखि अल-रिमीको मृत्यु भएको खबर सार्वजनिक भएका थिए।


## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **अलमाटि इन्टरनेशनल प्रा.लि.** (श्रम इजाजत पत्र नं. १४४०/०७४/०७५) मा पब्लिक रिलेशन अफिसर (पीआरओ) पदमा रुपन्देही–७, गजेडी स्थायी ठेगाना भएको **तुलसी रजाली**लाई मिति २०७६/१०/१५ गतेदेखि यस प्रा.लि.बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निज रजालीसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन।

Govt. Lic. No. 1440/074/075

**Almighty International Manpower Services Pvt.ltd.**
Tokha-10, Kathmandu, Tel.: 01-4364026,01-4386170,
EMAIL: almightynepal@gmail.com, info@aimsrecruitment.com
website: www.aimsrecruitment.com



## मलेशियामा रोजगार

कम्पनी : PRISM PROTECTION SERVICES SDN.BHD. शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/०९/१४ पून स्वीकृत मिति: २०७६/१०/२४ चलानी नं.: ६०१४९३०८ पून चलानी नं.: ७६९ LT. No.: 228462

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1100 | ३०,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन १, २ र ३ गते (13, 14 & 15 Feb. 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम इजाजत नं. ८१३/०६५/०६६

**पंगेनी ह्युमन रिसोर्स प्रा. लि.**
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ०१-४३८६६००, ४३८६२०४
Email: pangeni25june2009@yahoo.com, Website: www.panganihumanresource.com



## मलेसियामा रोजगार

कम्पनी: SUNGAI BULUH TRADING SDN BHD शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/१०/२४ चलानी नं.: ६०१५१३६९ LT. No.: 232775

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Worker | 5 | 0 | स. काममा दक्ष | 1200 | ३३,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ४ गते (16 Feb. 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**टोपाज इण्टरनेशनल प्रा. लि.** श्रम इजाजत नं. ५४७/०६२/०६३
कमलपोखरी, काठमाडौं, नेपाल, फोन: ४४१२६५०



## Kuwait मा रोजगार

कम्पनी: FAST DELIVERY OF CONSUMER ORDERS COMPANY W.L.L. शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७६/१०/१२ चलानी नं.: ६०१५०५८० LT. No.: 231375 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Services Laborer | 8 | 0 | स. काममा दक्ष | 100 | ३७,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ४ गते (16 Feb. 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Govt. Lic. No. 1210/073/074

**GOLD OVERSEAS PVT. LTD.**
Basundhara Kathmandu, Tel: 5903225, Mob.: 9807979144
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com



## ओमान र बहराइनमा रोजगार

१. कम्पनी : RIMAL FURNISHED SUITES शहर: OMAN

पुर्व स्वीकृत मिति: २०७६/१०/२४ चलानी नं.: ६०१५१३८५ LT. No.: 232246

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ४४,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter - Coffee Shop | 1 | 0 | | 140 | ४१,४०० | | | | | | | |

२. कम्पनी : BIN TALAQ CLEANING EST शहर: BAHRAIN

पुर्व स्वीकृत मिति: २०७६/१०/२४ चलानी नं.: ६०१५१३८३ LT. No.: 232584

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 5 | स. काममा दक्ष | 100 | ३०,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : GREEN CITY SERVICES W.L.L शहर: BAHRAIN

पुर्व स्वीकृत मिति: २०७६/१०/२४ चलानी नं.: ६०१५१३८४ LT. No.: 232583

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 5 | स. काममा दक्ष | 100 | ३०,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ४ गते (16 Feb. 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Gov. Lic. No. 1363/074/075

**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**
Sinamangal, Manpower Bazzar, Kathmandu.
Phone No: 01-4481546 Mob: 98018154083, 9815926684, 9803190690



## कतारमा वैदेशिक रोजगारको अवसर

Company: AL MILLION TRANSPORTATION City : QATAR

पूर्व स्वीकृत मिति: २०७६/१०/२० चलानी नं.: ६०१५१०८३ LT. No.: 232022

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 8 | 0 | स. काममा दक्ष | 1400 | ४३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ४ र ५ गते (16 & 17 Feb. 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. ६३९/०६३/०६४
